# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सुनकोशी गाउँपालिका
## ओखलढुङ्गा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सुनकोशी गाउँपालिका

## ओखलढुङ्गा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

सुनकोशी गाउँपालिका

ओखलढुङ्गा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**तोयम राया**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

कोशी प्रदेश

मितिः२०८१।२।१३

प.सं. २०८०।८१

च.नं. ५७

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,
सुनकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुंगा।

१. **कैफियत सहितको राय -** हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ६८ लाख ६४ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रू.१ करोड ४७ लाख ५८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई रू.१० लाख २ हजार बेरुजु प्रतिक्रियाबाट थप भएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२४ लाख ९१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.८५ लाख ८३ हजार, नियमित गर्नुपर्ने रू.७१ लाख ४० हजार र पेस्की बाँकी रू.४८ लाख ९४ हजार समेत रू.२ करोड ३१ लाख ८ हजार रहेको छ । यस गाउँपालिकाको गत वर्षसम्म रू.६ करोड ८८ लाख २१ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रू.७ करोड ४२ लाख रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३ हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
**नायब महालेखापरीक्षक**

# सुनकोशी गाउँपालिका,
# ओखलढुंगा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योँट | | | प्रतिक्रियाबाट थप बेरुजु | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५८ | १३३ | ३६८६४ | १ | ३० | १४७५८ | १००२ | ५७ | १०३ | २३१०८ | २४९१ | ७१४० | ८५८३ | ० | ० | १५७२३ | ४८९४ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योँट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ओखलढुंगा | ६८८२१ | ० | १७७२९ | ५१०९२ | ० | २३१०८ | ७४२०० |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | | २६ | राजस्व दाखिला गरेको प्रमाण पेश | ३७१७४५ |
| २ | | ३१ | पेस्की फस्योँटको प्रमाण पेश | २७६९६२५ |
| ३ | | ४१ | पदाधिकारी पोशाक भुक्तानी आंशिक दाखिला गरी प्रमाण पेश | १०२३११३ |
| ४ | | ५४ | कार्यपालिका बैठकबाट भ्रमण आदेश स्वीकृत गरेको प्रमाण पेश | १८०००० |
| ५ | | ५५ | पालिका अध्यक्षको अनुगमन प्रतिवेदन पेश | |
| ६ | | ५९ | महिला स्वयंसेविकालाई थप यातायात खर्च भुक्तानी दिएको रकम असुल गरी दाखिला गरेको प्रमाण पेश | ७२००० |
| ७ | | ६४ | कार्यक्रम खर्च प्रमाण पेश | १६३८७५ |
| ८ | | ६५ | सम्झौतामा उल्लेख नभएको स्थानीय भत्ता रकम असुल गरी दाखिला गरेको प्रमाण पेश | ६२३७० |
| ९ | | ६९ | ईन्टरनेट जडानको प्रमाण पेश | ६७४१६० |
| १० | | ७५ | मूल्य अभिवृद्धि कर समायोजन पत्र पेश | १६५०००० |
| ११ | | ८१.१ | औषधीको दाखिला तथा अन्य प्रमाण पेश | ३२३५४८४ |
| १२ | | ८२.३ | शिक्षकको नियुक्ति तथा तलब भुक्तानी गरेको प्रमाण पेश | ४५५८८० |
| १३ | | ८२.९ | प्राविधिक धारका विद्यालयलाई अनुदान भुक्तानी दिएको रकमको खर्च प्रमाणित प्रमाण पेश | २१०५००० |
| १४ | | ८२.१० | परम्परागत विद्यालय शैक्षिक अनुदान खर्च प्रमाणित विवरण तथा लेखापरीक्षण प्रतिवेदन पेश | ५००००० |
| १५ | | ८२.१२ | सेनेटरी प्याड विद्यालयलाई हस्तान्तरण गरेको प्रमाण पेश | ९९४६२६ |
| १६ | | ८२.१४ | पढ्दै कमाउदै कार्यक्रम प्रमाण पेश | ५००००० |

| | | | | |
|---|---|---|---|---|
| | **चालु वर्षको जम्मा** | | | १४७५७८७८ |
| | **गत विगत वर्षतर्फको** | | | |
| १ | **२०७८।७९** | १७ | नियमित गरेको प्रमाण पेश | ५०००००० |
| २ | | १७ | नियमित गरेको प्रमाण पेश | १५००००० |
| ३ | | १७ | नियमित गरेको प्रमाण पेश | १५३०८१ |
| ४ | | २५ | मूल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश | ५१४६९७२ |
| ५ | | ३३ | दर विश्लेषण भन्दा बढी भुक्तानी असुल गरी दाखिला गरेको प्रमाण पेश | ९००६५ |
| ६ | | ४३.१ | नियमित गरेको प्रमाण पेश | ३९०९३४ |
| ७ | | ४८ | नियमित गरेको प्रमाण पेश | २९३२७८९ |
| ८ | | ५३.२ | नियमित गरेको प्रमाण पेश | ५२०००० |
| | **२०७८।७९ को जम्मा** | | | १५७३३८४१ |
| १ | **२०७७।७८** | ७३.८ | नियमित गरी प्रमाण पेश | २०००० |
| २ | | ७३.९ | नियमित गरी प्रमाण पेश | ६३१७५ |
| ३ | | ७३.१२ | नियमित गरेको प्रमाण पेश | ३०१२५ |
| ४ | | ७६.४ | नियमित गरी प्रमाण पेश | २००००० |
| ५ | | ७६.११ | नियमित गरेको प्रमाण पेश | १०६३७४९ |
| | **२०७७।७८ को जम्मा** | | | १३७७०४९ |
| १ | **२०७६।७७** | २७ | कर्मचारी प्रोत्साहन भत्ता सम्परीक्षण | ६१८१३३ |
| | **गत विगतको जम्मा** | | | १७७२९०२३ |
| | **कुल जम्मा** | | | ३२४८६९०१ |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय**

**(क) सुनकोशी गाउँपालिकाको परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो। यो गाउँपालिका कुल १४३.७५ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल १० वटा वडाहरुमा विभाजन गरिएको छ। बि.सं. २०७८ सालको प्रारम्भिक जनगणना अनुसार सुनकोशी गाउँपालिकाको कुल जनसंख्या १७ हजार ७ सय ८३ जना रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२५ देखि २०८०।५।२८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधी -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको अनुदान प्राप्ति तर्फ रू.३३,६८,०१,८७९।-, राजश्वतर्फ बाँडफाँटतर्फ

रू.७,००,०८,४९८।-, आन्तरिक आम्दानीतर्फ रू.४२,६९,३९५।- अन्य कारोबारतर्फ रू.९९,३१,१७५।- गरी कुल आय रू.४२,१०,१०,९४८।- व्ययतर्फ चालु खर्चतर्फ रू.२९,८८,३१,२८४।-, पुँजीगत खर्चतर्फ रू.१२,४३,३२,३१९।- र अन्य खर्चतर्फ रू.८१,६६,३४७।- गरी कुलतर्फ रू.४३,१३,२९,९५०।- गरी यस वर्ष पालिकाको जम्मा रू.८५,२३,४०,८९८।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रू.५,०५,३३८।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं. | बिवरण | रकम |
|---|---|---|
| १ | नगदी रसिदबाट प्राप्त राजश्व पालिकामा दाखिला नगरेको तथा घटी दाखिला गरेको असुली | ५०५३३८ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्न अनुसार देखिएको छः

| विवरण | यस वर्ष रू. | | | गत वर्ष रू. | |
|---|---|---|---|---|---|
| | बजेट | प्राप्ति/भुक्तानी | जम्मा | प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ति (क+ख) | ५१६५११३२४ | ४२१०१०९४८ | ४२१०१०९४८ | ४२२६५७३७७ | ४२२६५७३७७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ५०४१२५९३५ | ४११६२५३९४ | ४११६२५३९४ | ४१५३५९६२८ | ४१५३५९६२८ |
| ११००० कर | ८८९०८०५० | ७०९२७७९३ | ७०९२७७९३ | ६८७७०९३१ | ६८७७०९३१ |
| १३०००अनुदान | ३६४९०४००० | ३३६८०१८७९ | ३३६८०१८७९ | ३४०००४९७५ | ३४०००४९७५ |
| संघीय सरकार | ३४१८८८००० | ३१६७०८२६३ | ३१६७०८२६३ | ३१७८२२९७५ | ३१७८२२९७५ |
| प्रदेश सरकार | २३०१६००० | २००९३६१६ | २००९३६१६ | २२१८२००० | २२१८२००० |
| १४००० अन्य राजस्व | १६४८००० | ३३५०१०१ | ३३५०१०१ | ६५८३७२२ | ६५८३७२२ |
| १५००० विविध प्राप्ति | ५०००० | ५४५६२१ | ५४५६२१ | ० | ० |
| ३२००० वित्तीय सम्पत्ति | ४८६१५८८५ | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | १२३८५३८९ | ९३८५५५४ | ९३८५५५४ | ७२९७७४९ | ७२९७७४९ |
| वितरण गर्न बाकी राजस्व | ० | ३३४५९० | ३३४५९० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| कोषहरु | १२३८५३८९ | ५१९९१५८ | ५१९९१५८ | ० | ० |
| धरौटी | ० | ३८५१८०६ | ३८५१८०६ | ७२९७७४९ | ७२९७७४९ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ५१६५११३२४ | ४३१३२९९५० | ४३१३२९९५० | ४६७१५८६३९ | ४६७१५८६३९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५०४१२५९३५ | ४२३१६३६०३ | ४२३१६३६०३ | ४६५७६७९८९ | ४६५७६७९८९ |
| २१००० पारिश्रमिक / सुविधा | २११६२३००० | १८३६२७८१४ | १८३६२७८१४ | १४५८७७६६२ | १४५८७७६६२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ८१६६५०५० | ६३८७८९६९ | ६३८७८९६९ | ८७२८०८९३ | ८७२८०८९३ |
| २५००० सहायता (Subsidy) | २८७५०००० | २७३३७६८३ | २७३३७६८३ | ४३११२१३२ | ४३११२१३२ |
| २६००० अनुदान | २६४५८८५ | २४२६६६६ | २४२६६६६ | ० | ० |
| २७००० सामाजिक सुरक्षा | २५७७६००० | १९७०६६०४ | १९७०६६०४ | १८६४४९२३ | १८६४४९२३ |
| २८००० अन्य खर्च | ५५७४००० | १८५३५४८ | १८५३५४८ | ५६३६७१ | ५६३६७१ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पुँजीगत खर्च | १४८०९२००० | १२४३३२३१९ | १२४३३२३१९ | १७०२८८७०७ | १७०२८८७०७ |
| ३२००० वित्तीय सम्पत्ति | ० | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | १२३८५३८९ | ८१६६३४७ | ८१६६३४७ | ४६७१५८६३९ | ४६७१५८६३९ |
| कोषहरु | १२३८५३८९ | ६०३२६६८ | ६०३२६६८ | १२२५६५० | १२२५६५० |
| धरौटी | ० | २१३३६७९ | २१३३६७९ | १६५००० | १६५००० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | -१०३१९००२ | -१०३१९००२ | -४४५०१२६२ | -४४५०१२६२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ५२६६७०५९ | ५२६६७०५९ | ९७३९८४७० | ९७३९८४७० |
| वर्षान्तको बाँकी रकम (ङ+च) | | ४२३४८०५७ | ४२३४८०५७ | ५२८९७२०८ | ५२८९७२०८ |
| बैंक तथा नगद बाँकी | | ४२३४८०५७ | ४२३४८०५७ | ५२६४४१२९ | ५२६४४१२९ |

सैद्धान्तिक बेरुजु

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.९,८४,२९,५२६।-, स्थानीय प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रू.२,२९,१२,५३४।- र गरिबसँग विशेश्वर कार्यक्रमको रू.४,६३,०००।- समेत गरी रू.१२,१८,०५,०६०।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण

गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू.५,२६,४४,१२९।४५ मौज्दात रहेकोमा यो वर्ष रू. ५,२६,६७,०५९।- जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.२२,९२९।४५ बढी जिम्मेवारी सारेको देखिन्छ । साटिन बाँकी चेक रहेकोले बैक मौज्दात बढी देखाएको भन्ने कार्यालयको भनाई छ।

सैद्धान्तिक बेरुजु

२.४ अनुसुची ३ मा वित्तीय विवरणमा प्राप्ति भुक्तानी हिसाव र सम्बन्धित लेखा नीति तथा लेखा टिप्पणी संलग्न छ भने पनि सो राखेको पाईएन ।

सैद्धान्तिक बेरुजु

३ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्ः

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- पालिकाबाट यसवर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिककार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- अन्तर सरकारीवित्त व्यवस्थापन ऐन२०७४ कोदफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिममध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन
- स्थानीय सरकारसंचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक योजना वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन योजना तयार गरेको देखिएन ।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंकखडा गरेको देखिएन ।
- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्यभएको देखिएन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सीखाता अध्यावधिक गरेको पाईएन ।

- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेतलगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नु पर्नेमा तयार गरेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेकोपाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमाप्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- स्थानीय सरकारसञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोगसम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- बजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको बजेट, ससर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।
- निजामती सेवा ऐन, २०४९को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्यसम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एकभन्दा बढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,
- स्थायी तथा करार लगायत सम्पूर्ण कर्मचारीको तलब भुक्तानी गर्दा अनिवार्य रुपमा स्थायी लेखा नम्बर अद्यावधिक गरेर नराखेको।

- स्वीकृत कार्यक्रम अनुसार मासिक खर्च गर्नुपर्नेमा कुल खर्च मध्ये अधिकांश रकम तेश्रो चौमासिकमा खर्च गरेको,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढांचामा प्रगति विवरण तयार गरी केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था गरेकोमा सो बमोजिमको विवरण तयार गरेको देखिएन।
- निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति र कर्मचारीको नाम उल्लेख नगरेको,
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन।
- बेरुजु लगत म. ले. प. फाराम ८०१ राखेको देखिएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४ **नीति तथा कार्यक्रम र बजेट बिच तालमेल -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा बजेट तर्जुमा सम्बन्धी व्यवस्था छ । नीति तथा कार्यक्रममा ग्रामिण विद्युतिकरण कार्यलाई सम्पन्न गर्ने , एक घर एक धारो कार्यक्रम सञ्चालन गरी सबै नागरिकलाई स्वच्छ पिउने पानीको प्रबन्ध गर्ने , एक विद्यालय एक नर्स व्यवस्थाको पहल गर्ने,एक गाँउ एक उत्पदान गरी कृषि विकास मार्फत रोजगारी र आय सिर्जना गर्ने , विपन्न महिला दलितहरुलाई जिविकोपार्जनमा सहजता ल्याउने उदेश्यले घरेलु तथा साना उद्योगगहरु प्रत्येक वडामा सञ्चालन गर्ने ,नागरिकहरुको सुरक्षाको लागि आपतकालिन गाउ सरकार कार्यक्रम सञ्चालन गर्नेऽ पालिकाको भुगोल र सम्भाव्यता अध्ययन गरी २० देखि २५ वर्ष सम्मको गुरुयोजना तयार गरिने उल्लेख भएपनि यि विषयहरुलाई बजेटले समेटेको देखिएन । नीति तथा कार्यक्रम अनुसार बजेट निर्माण भई सो अनुसारको कार्यान्वयन गरी "आर्थिक विकास सुशासन र सदाचारः खुशी नागरिक, समृद्धी खिजीदेम्वा हाम्रो आधार" भन्ने पालिकाको नारालाई सार्थक बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

६ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रू. ५० करोड ४१ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु र समयमा अख्तियारी दिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

७ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ राजश्व शीर्षक ११००० देखि १४००० सम्मका मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू.२०,९०,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू.९,१९,२९३।- अर्थात अनुमान भन्दा ५६.०१ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

९ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.१२,४३,३२,३१९।- पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद

योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **लक्ष्य प्रगति -** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शून्यप्रगति | १-२५% | २५-५०% | ५०-७५% | ७५-१००% | कुल खर्च |
| २२५२२ | ५९ | ७ | ० | ० | ५ | ४७ | १७९९०४५७ |
| ३११०० | १७३ | ३० | १ | ९ | ८ | १२५ | १२४३३२३१९ |
| **जम्मा** | २३२ | ३७ | १ | ९ | १३ | १७२ | १४२३२२७७६ |

- २३२ कार्यक्रम तथा आयोजना मध्ये शून्य प्रगती हुने ३७ वटा लगायत ७५ प्रतिशत भन्दा वढी प्रगती हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या १७२ वटा रहेकोछ ।
- शुन्य प्रगती हासिल हुनको कारण बजेट नै अर्को कार्यक्रममा रकमान्तर गरी लाने तथा बजेट भएपनि कार्यक्रम कार्यान्वयन नगरेको कारण ३७ वटा शुन्य प्रगति भएको देखिन्छ ।
- २३२ आयोजना मध्ये खर्च नै नभएको ३७ योजना तथा कार्यक्रम बाहेक १९५ योजना तथा कार्यक्रममा रू.१४ करोड २३ लाख २२ हजार खर्च गरेको छ ।

लक्ष्य अनुसारको प्रगती हासिल गर्न प्राथमिकता प्राप्त योजना मागमा आधरित रहेर छनौट गरी कार्यान्वयनमा ल्याई सत प्रतिशत लक्ष्य प्राप्ति तर्फ ध्यान दिनुपर्छ।

सैद्धान्तिक बेरुजु

११ **योजना तर्जुमा तथा कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । १ लाख भन्दा कमका ५५ योजना कार्यान्वयन गरेर रू.२०,५०,५२१।- र १ लाख भन्दा वढी ५ लाख भन्दा कमका ७९ आयोजना कार्यान्वयन गरी रू.२,२४,५७,११४।- खर्च गरेकोछ भने जसमध्ये ५ लाख भन्दा कम रकमका संघीय सरकार ससर्त पुँजीगत तर्फ २९ योजनामा रू.५९,१३,०७३।- र प्रदेश सरका पुजीगत ससर्त अनुदानबाट १७ योजनाको लागि रू.२४,३१,५९६।- खर्च गरेको छ। साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा

दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष निर्माण कार्यका योजनाहरु देहायअनुसार छन्ः

| विवरण | योजना संख्या | रु |
|---|---|---|
| ० | ३० | ० |
| १ लाख सम्म | २५ | २०५०५२१ |
| १ देखि ५ लाख सम्म | ७९ | २२४५७११४ |
| ५ देखि १० लाख सम्म | २६ | १९२५९१४३ |
| १० देखि २० लाख सम्म | ४ | ५४१६७८७ |
| २० देखि ५० लाख सम्म | ६ | २२९६६६५२ |
| ५० लाख देखि माथी | ३ | ५२१८२१०२ |
| **जम्मा** | **१७३** | **१२४३३२३१९** |

सैद्धान्तिक बेरुजु

१२ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने उल्लेखछ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन रू. | खर्च रू. | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४४१२१००० | ३०९३०६९२ | ७०.०९ |
| २ | सामाजिक विकास | २३३३२७००० | २१८०५५९२८ | ९३.४६ |
| ३ | पूर्वाधार विकास | ११२९०६००० | ९६९३८९३२ | ८५.८६ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | २२५६३८८५ | १५२४५५९२ | ६७.५६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९१२०८०५० | ६१९९२४५९ | ६७.९७ |
| | **जम्मा** | **५०४१२५९३५** | **४२३१६३६०३** | **८३.९४** |

कार्यालयका लागि कुल बजेट रू.५०,४१,२५,९३५।४५ विनियोजन गरेकोमा सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र शीर्षकमा सबैभन्दा घटी ६७.५६ प्रतिशत मात्र खर्च भएको देखिन्छ। सबैभन्दा बढी सामाजिक विकास शीर्षकमा ९३.४६ प्रतिशत खर्च गरेको देखिन्छ। समग्रमा पालिकाले विनियोजनको ८३.९४ प्रतिशत मात्र खर्च गरेको छ।

सैद्धान्तिक बेरुजु

१३ **खर्च बिश्लेषण -** पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रू.४२,६९,३९५।- राजस्व बाँडफाँटबाट रू.७,००,०८,४९८।९६, अनुदानबाट रू.३३,६८,०१,८७८।९२, अन्य प्राप्ति रू.९३,८५,५५४।३० र विविध प्राप्ति रू.५,४५,६२१।- लगायत रू.४२,१०,१०,९४८।२२ प्राप्ति भएकोम चालुतर्फ रू.२९,८८,३१,२८४।- तथा अन्य कोषतर्फको भुक्तानी समेत रू.८१,६६,३४७।- र पुंजीगततर्फ रू.१२,४३,३२,३१९।- समेत रू.४३,१३,२९,९५०।- खर्च भएको छ। आम्दानी भन्दा बढी खर्च भएको गत आ.व. को मौज्दात रू. ५,२६,६७,०५९।- बाट घटाई यो वर्षको अन्तिम मौज्दात रू.४,२३,४८,०५७।- रहेको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९८ प्रतिशत रहेको छ। यस वर्ष पदाधिकारी सुबिधामा रू.९४,८७,८९१।- खर्च भएको छ जुन आन्तरिक आयको २२२.२३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान ,आन्तरिक आय तथा राजस्व बाँडफाँटको रकमबाट ६९.२८ प्रतिशत चालु र २८.८३ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **त्रैमासिक पुँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले त्रैमासिक प्रगति विवरण वनाएको छैन । सुत्रमा पनि अद्यावधिक गरी चौमासिक प्रतिवेदनलाई त्रैमासिक रुपमा प्रतिवेदन हुने व्यवस्थामा सुधार गरेको छैन ।पालिकाले उपलव्ध गराएको खर्चको फाँटवारीलाई आधारमा त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| ब. उ. शि. नं | कुल खर्च रू. | त्रैमासिक खर्च रू. | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १२४३३२३१९ | ० | १७९५१५७१ | ३२६९५०२५ | ७३६८५७२३ | ३७४४११८७ |
| प्रतिशत | १०० | ० | १४.४४ | २६.३ | ५९.२७ | ३०.११ |

खर्चको फाँटवारी विवरणअनुसार वार्षिक रू.१२,४३,३२,३१९।- निकासा भएकोमा प्रथम त्रैमासिकमा रू.० प्रतिशत, दोस्रो त्रैमासिकमा रू.१,७९,५१,५७१।- (१४.४४ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.३,२६,९५,०२५।- (२६.३० प्रतिशत) र चौथो त्रैमासिक रू.७,३६,८५,७२३।- (५९.२७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.३,७४,४१,१८७।- (३०.११ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु-याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

१६ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय समानिकरण अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७६१३६५११ | ४२,६९,३९५ | ५.६१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.६१ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१७ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५५, ५७, ५८** र **५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| विवरण | अनुमान रू. | असुली रू. | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ० | ० | ० |
| भुमिकर/ मालपोत कर | १२००००० | ३९९६५८.५७ | ३३.३ |
| घरजग्गा रजिष्टेशन दस्तुर | ५००००० | ४८०००० | ९६ |
| घरजग्गा वहाल कर | २०००० | १९८९५ | ९९.४८ |
| व्यवसाय कर | २०००० | १८०० | ९ |
| वहाल विटौरी शुल्क | ३००००० | ० | ० |
| **जम्मा** | **२०४००००** | **९०१३५३.५७** | **४४.१८** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५८** मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क रू.२०,०००।- अनुमान गरेकोमा रू.१,८००।- प्राप्त गरेको छ अर्थात अनुमान गरेको भन्दा ९ प्रतिशत मात्र कर संकलन गरेको छ। पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी पालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **रकमान्तर -** स्थानीय सरकार संचालन ऐनको दफा ७९ मा स्थानीय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ। त्यस्तै स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुदा ३.१ मा पुँजीगत खर्चको रूपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ। यस वर्ष पालिकाले २५ वटा योजना तथा कार्यक्रमबाट

रू.१,९७,५३,०००।- घटाएकोमा त्यति नै रकम बढाउनु पर्नेमा ३३ वटा योजना तथा कार्याक्रममा रू.२,०९,६१,०००।- बढाएको देखिन्छ। घटाएको जम्मा बरावर बढाएको जम्मा देखिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **नगदी रसिद र आम्दानी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउनुपर्ने व्यवस्था छ । रसिद नियन्त्रण खाताका अनुसार व्यक्ति तथा पदाधिकारीले रसिद ठेली लगि आम्दानी सहित फिर्ता बेलैमा आएको देखिदैन । कानुनी दायरामा ल्याई सम्बन्धित व्यक्ति तथा पदाधिकारीलाई कार्वाही गरी जरिवाना सहित राजश्व दाखिला गर्न लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **ढिलो दाखिला -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ (१) मा राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए भोलीपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्व लेखा राखि बैक दाखिला गर्नुपर्दछ । सो ऐनको दफा २८(२) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउनुपर्ने व्यवस्था छ । मालपोत, घरवहाल, घटना दर्ता, सिफारिस, व्यवसायकर वापत असुल गरेको समयमै बैक दाखिला गरेको देखिदैन । कानुनको पालना गरी राजश्व असुली गर्नुपर्दछ ।

| देखि | सम्म | बैंक जम्मा मिति | ६०१ देखि १०००=८ बुझ्नबाट प्राप्त रु |
|---|---|---|---|
| २०७९।४।१ | २०७९।६।३ | २०७९।६।४ | १३१५० |
| २०७९।६।४ | २०७९।१०।४ | २०७९।१०।५ | ११००० |
| २०७९।१०।५ | २०७९।७।२ | २०७९।७।३ | १५३५ |
| २०७९।७।३ | २०८०।३।१ | २०८०।३।२ | २८४४०० |
| २०८०।३।२ | २०८०।३।५ | २०८०।३।६ | ८१००० |

सैद्धान्तिक बेरुजु

२४ **लेखापरीक्षणपछि दाखिला -** निम्नवडाको नगदी रसिदबाट संकलन भएको राजश्व घटि दाखिला गरेकोमा पुन लेखापरीक्षण अवधिमा जम्मा गरेकोछ । ढिलो दाखिला जम्मा गरेको तथा जम्मा नगर्ने नियत राखि केही राजश्व दाखिला नगरी राखेको देखिन्छ । ढुङ्गा गिट्टी बालुवा ठेक्का नलगाई नगदी रसिदबाट कर्मचारी खटाई असुली गरेको

देखिन्छ। प्रारम्भिक वतावरणीय परीक्षण गरी प्रतिस्पर्धा विधीबाट ठेक्का व्यवस्थापन गरी ढुङ्गा गिटी वालुवा बिक्री वितरण गर्नु पर्छ। सम्बन्धित पदाधिकारी तथा व्यक्तिलाई कानुनी दायरामा ल्याई १० प्रतिशत जरिवाना सहित असुल गर्नु पर्छ।

| वडा नं | बैक जम्मा | रू. |
|---|---|---|
| १ | २०८०।५।२८ | १४१६ |
| ४ | २०८०।५।२९ | ५१८० |
| ५ | २०८०।५।२८ | २७१४८ |
| ९ | २०८०।५।२८ | १८५ |
| ९ | २०८०।५।२८ | ६२५५९ |
| १० | २०८०।५।२८ | ४८५० |
| ढुङ्गा गिटीवालुवा आम्दानी वापत | २०८०।५।२७ | ४०४००० |
| | जम्मा | ५०५३३८ |

सैद्धान्तिक बेरुजु

२५ **नगदी रसिद -** मूल्य अभिबृद्धि ऐन २०५२ अनुसार ढुङ्गा गिटि वालुवा भ्याटेवल वस्तु भएको उल्लेखछ । नगदि रसिद ७ ठेलीबाट रू.३,३४,८९०।- ढुङ्गा गिटि वालुवाको राजश्व असुल गरेको देखिन्छ ।आर्थिक वर्षमा नबुझाई लेखापरीक्षण अवधिमा बैक जम्मा गरेको देखिन्छ । तर सोमा हुन आउने मुल्य अभिबृद्धि कर जम्मा गरेको देखिदैन । अतः मुल्य अभिबृद्धिकर वापत रू.४३,५३५।- संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने रू.

| रसिद नं देखि | रसिद नं सम्म | रू. |
|---|---|---|
| ५५१ | ६०० | ४७८९० |
| १ | ५० | ४७५०० |
| ३५१ | ४०० | ४८३०० |
| १०१ | १५० | ४८४०० |
| २५१ | ३०० | ४५४०० |
| ५५१ | ६०० | ४८७०० |
| ५१ | १०० | ४८७०० |
| | जम्मा | ३३४८९० |

| असुल गर्नुपर्ने | ३,३४,८९० |
|---|---|

२६ **जे सि भी आम्दानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ (१) मा राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए भोलीपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्व लेखा राखि बैंक दाखिला गर्नुपर्दछ । सो ऐनको दफा २८(२) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउनुपर्ने रू.

| नाम | विवरण | घण्टा /दर | रु |
|---|---|---|---|
| पुर्ण बहादुर | कालिका आ वि भवन निर्माण ३६३५ देखि ३६४३ घण्टा निर्माण कार्य | ८*३००० | २४००० |
| | कालिका आ वि खेलकुद मैदान | १.५*३००० | ४५०० |
| पुर्ण बहादुर | | | ३३००० |
| संजीव कटुवाल | | | ४३५०० |
| | **जम्मा** | | **१०५०००** |

***.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ मा सुमन तामाङ्गको रू.२६०,१००।- र सुरेन्द्र तामाङ्ग को रू.९१,८००।- र मिति २०८०।१२।१९ मा विष्णु बस्नेतको रू.१९,८४५।- मध्ये रू.१२,१५०।- बेरुजु कायम गर्न सम्परीक्षण मनासिब देखि फस्योंट गरिएको।)***

| असुल गर्नुपर्ने | १,०५,००० |
|---|---|

२७ **अभिलेख खाता -** सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि म.ले.प. फारामको व्यवस्था गरिएको छ। तर पालिकाले म.ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म. ले. प. फाराम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख खाता अद्यावधिक राखेको देखिएन।

| सैद्धान्तिक बेरुजु |
|---|

२८ **सेवा प्रवाहको स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को को परिच्छेद ३ दफा ११ (२) मा गाउँपालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था रहेको छ। गाउँपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस,घरबाटो,नाता प्रमाणित,पञ्जिकरणको तथ्यांक तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस गाउँपालिका तथा अन्तर्गतका ९ वडाहरुबाट यसबर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेकोछ। पालिकाबाट यस वर्ष नागरिकता सिफारिस,घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाई सराई,सम्बन्ध बिच्छेद,बिवाह दर्ता र अन्या दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोकोआर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन।पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता

सिफारिस,घरबाटो,नाता प्रमाणित,पञ्जिकरणको तथ्यांक तथा सामाजिक सुरक्षा भत्ता वितरण समेतलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

| क्र.स. | विवरण | निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | १५०० | १५०० |
| २ | घरबाटो सिफारिस | ३०० | ३०० |
| ३ | नाता प्रमाणित | ८७५ | ८७५ |
| ४ | जन्म | १५४० | १५४० |
| ५ | मृत्यु दर्ता | ३१५ | ३१५ |
| ६ | बसाई सराई | १८६ | १८६ |
| ७ | सम्बन्ध बिच्छेद | २१ | २१ |
| ८ | बिवाह दर्ता | ६१२ | ६१२ |
| ९ | अन्य | ३७६० | ३७६० |
| | **जम्मा** | **९१०९** | **९१०९** |

पालिकाबाट यस वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाई सराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्या दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोकोआर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो, नाता प्रमाणित, पञ्जिकरणको तथ्यांक तथा सामाजिक सुरक्षा भत्ता वितरण समेतलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२९ **कानुन निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जस अनुसार स्थानीय तह सञ्चालनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन कार्यान्वयनमा ल्याएको छ। पालिकाले बाँकी कानुनहरु पनि निर्माण गरेर स्वीकृत गरी राजपत्रमा छापिएका कानुनहरुको कार्यान्वयनमा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३० **जग्गा उपयोग मापदण्ड -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही

तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन। जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृति बमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनुपर्दछ। पालिका क्षेत्र भित्रको घर तथा जग्गा लगायतका सार्बजनिक सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्दछ। साथै नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्छ। तर यस पालिकाले सो बमोजिम अनुगमन गरेको देखिएन।

सैद्धान्तिक बेरुजु

३१ **पेस्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानुन बमोजिम दिएको पेस्की म्याद नाघेको र म्याद ननाघेको पेस्कीको विवरण राख्नुपर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको विवरण अनुसार आर्थिक वर्षको अन्तसम्ममा देहाय अनुसार म्याद नाघेको रू.७९,६४,९७७।-पेस्की बाँकी देखिएको हुँदा नियमावलीको व्यवस्था बमोजिम असुल तथा फस्यौंट हुनु पर्ने रू.

| क्र. सं. | गो. भौ. नं. | पेस्कीको विवरण | पेस्की लिने ब्यक्ति फर्म वा कम्पनीको नाम | फस्यौंटको अन्तिम म्याद | जम्मा |
|---|---|---|---|---|---|
| | | **कर्मचारी** | | | |
| १ | १७७ | सम्मान / संस्कार/पुरस्कार /लक्षित वर्ग/अन्य विविध तथा विशेष | पोषराज थापा | ११/१०/२०७९ | ५०००० |
| २ | १४३ | CBIMNCI कार्यक्रम (कार्यक्रम समिक्षा स्थलगतअनुशिक्षण समता तथापहुचकार्यक्रम) | नेत्रबहादुर कटुवाल | ०२/१९/२०८० | १५०००० |
| ३ | ३०९ | लम्फी स्किन रोग नियन्त्रण कार्यक्रम | ललित कुमारयादव | ०४/२८/२०८० | १००००० |
| | | **संस्थागत** | | | |
| ४ | १ | गा पा स्तरीय महिला सञ्जाल लक्षित कार्यक्रम | गाउँपालिकास्तरीय महिला सञ्जा लक्षीत कार्यक्रम | | ५००००० |
| | | उपभोक्ता समिति | | | |
| ५ | १ | कमलपोखरी संसारी डाँडा वाविया सडक निर्माण योजना | कमल पोखरीसंसारी डांडा बाबिया सडक निर्माण योजनासुनकोशी-१०ओखलढुंगा | | ५९५०० |
| ६ | १ | रातमाटे सडक निर्माण योजना | रातमाटेसडक निर्माण योजनासुनकोशी-५ओखलढुंगा | | ६३००० |
| ७ | ८१ | प्रबुद्ध मा .बि. खेलमैदान देखि रातमाटे दुर्गा मन्दिरसम्म सडकनिर्माण योजना | प्रवुद्ध मा.वि.खेलमैदान देखी रातमाटे दुर्गा मन्दीरसम्म | ०१/२०/२०८० | १२६००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सडक निर्माण योजनासुनकोशी -७ | | |
| ८ | ८३ | ढाँड पाखा खोलाखर्क चिसापानी सडक मर्मतसुनकोशी -८ | ढाँड पाखाखोलाखर्क चिसापानी सडक मर्मत सुनकोशी -८ | ०१/२०/२०८० | ७८००० |
| ९ | ९९ | कालिका आ.वि.भवन निर्माण निर्माण सुनकोशी ५ | कालिकाआ.वि.भवन निर्माण योजनासुनकोशी गा.पा-५ओखलढुंगा | ०२/०७/२०८० | १५७५०० |
| १० | ३३ | सम्सादोभान सुकोशी गा.पा.वडा ४ र मानेभन्ज्याङ गा.पा. वडा ८ काभ्रे जोड्ने मोलुङ्ग खोला……. | सम्सादोभानझोलुङ्गे पुल उपभोक्ता समितिसुनकोशी-४ओखलढुंगा | ०२/१७/२०८० | ६८०३३२ |
| | | **व्यक्तिगत** | | | |
| ११ | १ | डेगु लगायतका किटजन्य रोगहरुको नियन्त्रणका अभियान संचालन गर्ने तथा सरोकारवालाहरुसँग अभिमुखिकरण गर्ने | नेत्रबहादुर कटवाल | | ११५००० |
| १२ | १ | परिवार नियोजन किशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रम | नेत्रबहादुर कटवाल | | ४०८००० |
| १३ | १ | पाेषण संवेदनशिल (क्षेत्रका कार्यक्रमहरु संचालन) | नेत्रबहादुर कटवाल | | ५००००० |
| १४ | १ | पोषण कार्यक्रम | नेत्रबहादुर कटवाल | | ४००००० |
| १५ | १ | पोषण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन | नेत्रबहादुर कटवाल | | १९०००० |
| १६ | १ | मातृ तथा नवशिशु कार्यक्रम | नेत्रबहादुर कटवाल | | ७००००० |
| १७ | १ | सवारी साधन इन्धन | सोनामतामाङ | | ६७००० |
| १८ | ३३ | आर्थिक तथा समाजिक सहायता | खिला नाथदाहाल | ०७/१३/२०७९ | ५०००० |
| १९ | ५ | खानेपानी सामाग्री सहयोग | ज्ञानकुमारी सुवेदी | ०८/०८/२०७९ | १५०००० |
| २० | ८२ | विविध खर्च | खिला नाथदाहाल | ०९/०२/२०७९ | ५०००० |
| २१ | १०७ | रोजगार सेवा केन्द्रको सँचालन खर्च | समर्पणकार्की | १२/२०/२०७९ | ५०००० |
| २२ | ४६८ | इन्धन (पदाधिकारी) | सोनामतामाङ | ०४/१६/२०८० | १५०००० |
| २३ | २०८ | सामाजिक सुरक्षा भत्ता वितरण तथा व्यवस्थापन | रञ्जुखत्री थापा | ०४/२५/२०८० | १००००० |
| | | **कुल जम्मा** | | | ४८९४३३२ |

*.......... (प्रारम्भिक प्रतिवेदन उपर पेस्की फस्र्यौट गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१ मा रू.५०,०००।-, मिति २०८०।१२।४ मा रू.१,५०,०००।-, मिति २०८०।१२।१७ मा ५ जनाको*

*रू.२२,९८,३००।- र मिति २०८०।१२।१९ मा ४ जनाको रू.२,७१,३२५।- सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)*

| | |
|---|---|
| पेस्की | ४८,९४,३३२ |

३२ **सार्वजनिक सम्पतिको अतिक्रमण -** पालिकाले पालिका क्षेत्रभित्रको घर तथा जग्गा लगायतका सार्वजनिक सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्दछ । साथै नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्छ।तर यस पालिकाले सो बमोजिम अनुगमन गरेको देखिएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३३ **सूचना प्रविधीको प्रयोग -** सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन। सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन।यसमा कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३४ **अध्यक्षकप खेलकुद कार्यक्रम -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ। यस पालिकाले भौ.नं. ४४१ २०८०।३।६ बाट अध्यक्षकप खेलकुद कार्यक्रममा रु दस लाख बजेट विनियोजन भएकोमा यस कार्यालयका शिक्षा अधिकृत विवेक कुमार तामाङले पेस्की फस्यौंट गर्दा रू.१७,८३,०९०।- खर्च भएको पे.फ. गरेको देखिन्छ। यस पालिकाले उक्त कार्यक्रमको लागत अनुमान र विस्तृत प्रास्तावना स्वीकृत नगरिकनै पेस्की दिएको साथै पेफ गर्दा कार्यक्रमको वास्तविक चित्रण हुनेगरी कार्यसम्पन्न प्रतिवेदन नबनाइकनै पेस्की फस्यौंट गरेकोले देखिन्छ।उक्त कार्यक्रमको लागि विनियोजित भएको बजेटभन्दा बढी रकम रू.७,८३,०८०।- अन्य कार्यक्रम खर्चबाट भुक्तानी भएकोले लागत अनुमान नबनाइ बजेटभन्दा बढी खर्च भएको रकम नियमसंगत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ७,८३,०८० |

३५ **समानिकरण अनुदानबाट चालु प्रकृतिका विविध खर्च -** राजश्व बाँडफाँट तथा आन्तरिक आयबाट यस्ता प्रकृतिका कार्यहरु गर्नुपर्नेमा सो नगरी विकास निर्माणमा खर्च गर्नुपर्ने समानिकरण अनुदान रकम चालु प्रकृतिका कार्यमा रू.७१,००,०००।- विनियोजन भएकोमा रू.६०,२६,२८४।-खर्च गरेको देखिन्छ । यस्ता प्रकारको खर्चमा मितव्ययिता अपनाई आन्तरिक स्रोत तथा राजश्व बाँडफाँटको रकमबाट गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

| संकेत | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | विनियोजन रकम | खर्च रकम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | महिला स्वास्थ्य स्वयंसेविकाहरु लाई अतिरिक्त प्रोत्साहन भत्ता (प्रति व्यक्ति १६००० का दरले) | २२४१९ | कोशी प्रदेश - समानिकरण अनुदान | १२००००० | ५७६००० |
| २ | सुनकोशी कालिका बहुमुखी क्याम्पस सञ्चालन तथा व्यवस्थापन अनुदान सुनकोशी ३ | २२७११ | नेपाल सरकार - समानिकरण अनुदान | ३००००० | ३००००० |
| ३ | कृषि विविध खर्च | २२७११ | नेपाल सरकार - समानिकरण अनुदान | २०००० | ११०५० |
| ४ | स्वास्थ्य चौकी साथै आधारभूत स्वास्थ्य ईकाई घर भाडा/ईन्टरनेट,विद्युत महशुल,खानेपानी मर्मत,भवन मर्मत तथा परिसर सरसफाई | २२७११ | नेपाल सरकार - समानिकरण अनुदान | ४००००० | ३९४९२५ |
| ५ | सुनकोशी कालिका बहुमुखी क्यामपश सञ्चालन तथा व्यवस्थापन अनुदान,सुनकोशी -३ | २५३११ | नेपाल सरकार - समानिकरण अनुदान | १४००००० | १४००००० |
| ६ | सामाजिक सुरक्षा भत्ता वितरण तथा व्यवस्थापन | २७१११ | नेपाल सरकार - समानिकरण अनुदान | ७००००० | २७२७५० |
| ७ | दलित लक्षित कार्यक्रम | २७११२ | नेपाल सरकार - समानिकरण अनुदान | ३००००० | २९६०६० |
| ८ | आयुर्वेदिक औषधालय तथा शाखा व्यवस्थापन | २७२१२ | नेपाल सरकार - समानिकरण अनुदान | ३००००० | ३००००० |
| ९ | कृषि विषादी ढुवानी खर्च | २८१४३ | नेपाल सरकार - समानिकरण अनुदान | ३०००० | ३०००० |
| १० | विभिन्न खोप साथै औषधी,मेडिकल जन्य समाग्री,परिवार नियोजनका साधन,ढुवानी | २८१४३ | नेपाल सरकार - समानिकरण अनुदान | १००००० | १००००० |
| ११ | शिक्षा शाखा विविध कार्यक्रम खर्च | २२५२९ | कोशी प्रदेश - समानिकरण अनुदान | ५००००० | ५००००० |
| १२ | भैपरी तथा विवि खर्च | २२७११ | नेपाल सरकार - समानिकरण अनुदान | १५०००० | १५०००० |
| १३ | बिबिध भैपरी | २२७११ | नेपाल सरकार - समानिकरण अनुदान | ३५०००० | ३५०००० |
| १४ | विविध तथा भैपरी | २२७११ | नेपाल सरकार - समानिकरण अनुदान | १००००० | १००००० |
| १५ | सुनकोशी -३,अन्तर्गतका विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप तथा छात्रवृति कार्यक्रम | २५३११ | नेपाल सरकार - समानिकरण अनुदान | १००००० | १००००० |
| १६ | स्वास्थ्य व्यवस्थापन खर्च | २७२१२ | नेपाल सरकार - समानिकरण अनुदान | ५०००० | ५०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | वडा नं.-४ वडा कार्यलाय व्यवस्थापन | २२७११ | नेपाल सरकार - समानिकरण अनुदान | १५०००० | १५०००० |
| १८ | पारा खोला जल विद्युत मर्मत तथा कर्मचारी तलब भत्ता | २११११ | नेपाल सरकार - समानिकरण अनुदान | १००००० | १००००० |
| १९ | कार्यालय व्यवस्थापन तथा विविध भैपरी | २२७११ | नेपाल सरकार - समानिकरण अनुदान | ३००००० | ३००००० |
| २० | मोलुङ खोला लघु जलविद्युत प्रथम कर्मचारी तलब भत्ता | २११११ | नेपाल सरकार - समानिकरण अनुदान | १००००० | १००००० |
| २१ | विविध तथा भैपरी | २२७११ | नेपाल सरकार - समानिकरण अनुदान | २००००० | २००००० |
| २२ | हलेशी दर्शन मल ढुावनी तथा व्यवस्थापन | २८१४३ | नेपाल सरकार - समानिकरण अनुदान | १५०००० | १५०००० |
| २३ | सुचना तथा सँचार | २२११२ | नेपाल सरकार - समानिकरण अनुदान | ५०००० | ४५४९९ |
| २४ | भिमसेन आ.वि.घलेपाटी लाइ विद्यालय संचालन तथा व्यवस्थापन सहयोग | २५३११ | नेपाल सरकार - समानिकरण अनुदान | ५०००० | ५०००० |
| | | | **जम्मा** | **७१०००००** | **६०२६२८४** |

सैद्धान्तिक बेरुजु

३६ **तलबी प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष गाउँपालिका तथा स्वास्थ्य संस्थामा कार्यरत सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलबमा खर्च गरेको छ। पालिकाले कानुनअनुसार तलवी प्रतिवेदन पारित नगराई रू.१७,०५,७७,८४८।९१ तलब खर्च लेख्दा तलब भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन। ऐनको व्यवस्था बमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३७ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। यस पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित २७ जना पदपूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत सहित २१ पदहरु रिक्त

रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३८ **अवकाश कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।तर सो बमोजिम अवकास कोष स्थापना गरेको देखिएन।

सैद्धान्तिक बेरुजु

३९ **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा ७० कर्मचारीहरु करारमा राखी रू.१,४३,४२,८८५।८० खर्च लेखेको छ। स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी करारमा राख्ने परिपाटीमा सुधार हुनु पर्दछ। त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित वाहेकको १ इन्जिनियर, १ कम्प्युटर अपरेटर, १ प्र.स्व.प्र., १ एमआइएस, १ फिल्ड सहायक, ४ सामाजिक परिचालक, ६ स्वयम सेवक, १ असई, २ हे.अ., ९ अहेब, ११ अनमी, र १ ल्या.अ., गरी ४१ जना करार नियुक्ति गरी वर्षभरीमा रू.१,४३,४२,८८५।८० भुक्तानी छ। कार्यवोझको अधारमा O&M गरी कानुन बमोजिम पारदर्शि हिसावले कर्मचारी नियुक्ती गर्नु पर्छ।

सैद्धान्तिक बेरुजु

४० **पदाधिकारी सुविधा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू.९०,१६,५९१।- खर्च गरेकोमा पालिकाको आन्तरिक आय बैक स्टेटमेन्ट अनुसार रू.३५,६४,६१०।- रहेको छ। आन्तरिक आयको तुलनामा करिब दोब्बर गुणा बढीले खर्च भएको देखिएको छ। पालिकाले आन्तरिक आयको परिधि भित्र रही खर्च गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **पदाधिकारीको पोसाक सुविधा**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर गाउँपालिका अध्यक्षबाट रू.३३५५० रकम असुल भई प्रमाण पेश भएको र बाँकी रकम बेरुजु कायम गर्नको लागि मिति २०८०।१२।१९ मा रू.१०,२३,११३।- सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)***

४२ **परामर्श खर्च -** सार्वजानिक खरिद ऐन २०६३ को दफा २९ अनुसार सार्वजानिक निकायले परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ ।सार्वजानिक खरिद नियमावली २०६४ को नियम ८२ आयोजना कार्यालयले ४ वटा विभिन्न योजनाको विस्तृत सर्वेक्षण, डिजाईन तथा लागत अनुमान तयारी कार्यको लागि यस बर्ष निम्नानुसार ४ परामर्शदाता मार्फत कार्य गराई रू.१७ लाख ६१ हजार खर्च लेखेको छ । परामर्श खर्च सम्वन्धी बिवरण देहायबमोजिम छ ।

| मिति | कामको विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| २१८।२०८०।३।२३ | बुद्ध प्रतिमा पुर्वाधार डिपिआर | सताब्दीइन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | ४९०४०० |
| २०८०।३।२४ | चञ्चलादेवी ठुली पोखरी धार्मिक तथा पर्यटकिय पूर्वाधार | लङभिजनइन्जिनियरिङ एण्ड मेनेजमेन्ट कन्सल्टप्रा.लि. | ४९००४२ |
| २१९।२०८०।३।२७ | फलाटेबजार व्यवस्थापन | सेजइन्जिनियरीङ्ग कन्सल्ट | ४८८९२२ |
| १५७।२०८०।३।७ | जोरल किर्पेटार तिनकटेरी रोड | इन्टरफेस ईन्जिनियरिङ्ग प्रा लि | २९२०७० |
| | **जम्मा** | | **१७६१४३४** |

**परामर्श खर्चका सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्:**

- **सिमित प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिष्पर्धा समिति हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रका सडक पर्यटन तथा साँस्कृतिक पूर्वाधार वजार व्यवस्थापन लगायतको आयोजनाहरुको बिस्तृत सर्भे डिजाईन तथा लागत अनुमान तयारी कार्यको लागि ४ वटा परामर्शदाता वाट सेवा खरिद गरी रू. १७ लाख ६१ हजार खर्च लेखेको छ । कार्यालयको जनशक्तिबाट कार्य गर्ने गराउने प्रयास नभएको, प्राप्त प्रतिवेदनहरु कार्यान्यनमा नगएको र अभिलेखाङ्कन पनि नभएको देखिन्छ आफ्नो कार्यक्षेत्र भित्रका आयोजनाहरुको डि.पि.आर. प्रतिवेदन तथा सर्भेक्षण कार्यको लागि प्याकेज वनाई सार्वजनिक खरिद नियमावलीको नियम ७० बमोजिम प्रतिस्पर्धा सुनिश्चित गरी सेवा खरिद गर्नु पर्दछ।
- **लागत अनुमान -** लागत अनुमान बनाई स्वीकृति गरी खरिद प्रक्रिया अगाडी बढाएको छैन । आधार र प्रमाण विना कोटेसन माग गरी खरिद गरिएको उचित देखिएन।

सैद्धान्तिक बेरुजु

४३ **घरभाडा खर्च -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भर्पाइ, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ। यस पालिकाले यो वर्ष घरभाडातर्फ रू.३,६८,०१०।- खर्च गरेको छ। यस पालिकाले आफ्नो कार्यालयको भवनहरु पर्याप्त हुँदाहुँदै पनि विभिन्न घर भाडामा लिई खर्च गरेको मनासिव देखिएन। यसरी पालिकाको आफ्नो कार्यालय भवन हुदाहुदै घर भडाको लागि भुक्तानी भएको रकम रू.३,६८,०१०।- नियमसंगत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ३,६८,०१० |

४४ **मोबाइल खरिद -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ। यस पालिकाले कार्यक्रम र बजेट बेगर भौ.नं. ५५५ २०८०।३।२४ बाट श्री एभरग्रिन आइटी सप्लायर्सलाई REDMI NOTE 12 PRO 5G 8/256 GB मोबाइल प्रतिगोटा रू.४२,८००।- का दरले ४ थानको रू.१,७०,८००।- भुक्तानी गरेको छ। यस पालिकाले खरिद गरेको उक्त चारवटा मोबाइल खरिद गरेको प्रयोजन खुलाई पालिकाको निर्णय पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७०,८०० |

४५ **छात्रवृत्ती प्रदान -** नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शन २०७९ को निर्देशन नं ४७ मा नगद मार्फत भुक्तानी दिदा हुने जोखिमलाई नियन्त्रण गर्न सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। गाउँपालिकाले चौतारा माध्यमिक विद्यालयमा डिप्लोमा इन कम्प्यूटरमा अध्यानरत ६ जना विद्यार्थीलाई रू.२५,०००।- का दरले छात्रवृत्ती भुक्तानी दिनकोलागि चौतारा माध्यमिक विद्यालयको खातामा रू.१,५०,०००।- निकासा दिएको छ। विद्यालयले सम्बन्धित बिद्यार्थीको खातामा रकम जम्मा गरेको प्रमाण पालिकामा पेश गरेको छैन। छात्रवृत्तीको लागि छनौट भएका विद्यार्थीको बैंक खातामा रकम भुक्तानी दिएको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

४६ **नर्म्स भन्दा बढी भुक्तानी**

४६.१ **प्रतिवेदन लेखन -** अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ को बुदा नं ७.१.१५. को सिनं १५ मा प्रतिवेदकको पारिश्रमिक प्रतिवेदन बुझाएपछि दिनुपर्ने र प्रति कार्यक्रम रू.३,०००।- भन्दा बढी हुन नहुने उल्लेख छ । १५९।२०८०।३।७ न्यायिक समिति मध्यस्थकर्ता लाईतालिम प्रदान गरेकोमा प्रतिवेदन लेखन भनि questfor development initiatives लाई रू.१५,०००।- भुक्तानी गरेको देखिएकाले नर्म्स भन्दा बढी भुक्तानी भएको रकम रू.१२,०००।- हजार असुल गर्नुपर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,००० |

४६.२ **प्रशिक्षक भत्ता (१७४।२०८०।३।१७)** – अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ को बुदा नं ७.१.१५. को सिनं ४ मा एक सेसन वरावर १ घण्टा ३० मिनेटको हुने उल्लेखछ । प्रशिक्षक लक्ष्मण कार्कीलाई ४५ मिनेटको एक सेसन मानी प्रशिक्षण भत्तावापत १ दिनमा ८ सेशनका दरले ५ दिनको प्रति सेसन १४००।- का दरले रू.५६,०००।- मा करकट्टी गरी रू.४७,६००।- भुक्तानी गरेको देखिन्छ । ४५ मिनेटको मात्र सेसन कक्षा सञ्चालन गरेकोले ५ दिनमा ८ सेसनको १८०० मिनेट कक्षा लिएको देखिन्छ । १घण्टा ३० मिनेट वरावर १ सेसन हुने भएकोले यसलाई ९० मिनेटले भाग गर्दा २० सेसनको मात्र भुक्तानी हुनुपर्नेमा ४० सेसनको भुक्तानी भएकोले २० सेसनको रू.१,४००।- को दरले हुन आउने रू.२८,०००।- मा कर कट्टा गरी बढी भुक्तानी भएको असुल गर्नु पर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,८०० |

४७ **पाराखोला लघु जलविद्युत (१८७।२०८०।३।१८)** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी दिँदा रित पुगेको एकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले पालिकाको कर्मचारी वाहेक पाराखोला लघुजलविद्युत परियोजना सुनकोशी ७ लाई जलविद्युत मर्मत तथा कर्मचारी व्यवस्थापन भनि अर्जुम कुमार कटुवालको तलब भुक्तान गर्न रु.९०,०००।- र कुलो मर्मत गर्न रु ११,०००।- गरी जम्मा भुक्तानी दिएको देखियो। नाफामुलक संस्थाको कर्मचारीको तलब भत्ता भुक्तानी दिएको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,०१,००० |

४८ **उपभोक्ता समितिबाट खानेपानीको पाईप वितरण** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (१) मा निर्माण कार्य संग सम्बन्धित स्थानमा बसोवास गर्ने समुदायको समिति गठन गरी निर्माण सम्बन्धी कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ। गाउँपालिकाले वडा नं २ मा खानेपानीको पाईप खरिद गरी वितरण गर्नको लागि पाइप खरिद योजना उपभोक्ता समिति गठन गरी ७४९१ मिटर पाईप खरिद गरी १८ जना वडा वासिलाई पाईप वितरण गरेको भरपाई पेश गरेको आधारमा उक्त समितिलाई रू.५,००,०००।- भुक्तानी दिएको छ। पाईप खरिद गर्दा पाइपको आवश्यकता विश्लेषण गरेर लागत अनुमान तयार गरी खरिद विधिको प्रयोग गरी पालिकाबाट खरिद गर्ने र आवश्यकता अनुसार उपभोक्ता बिच वितरण गर्नुपर्दछ । खानेपानी पाईप खरिद गरी वितरण गर्ने कार्य उपभोक्ता समिनिलाई दिएको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

४९ **जलविद्युत आयोजनाका कर्मचारीलाई तलब** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले मोलुङ्ग खोला लघु जल विद्युत आयोजनाको कर्मचारीलाई तलब भत्ता भुक्तानीको लागि रु.१,००,०००।- दिएको छ। उक्त जलविद्युत आयोजनाबाट प्राप्त विद्युत जडान गरेको पालिका अन्तर्गतको स्वास्थ्य चौकिले विद्युत महसुलबापतको रकम नियमित रुपमा पालिकाबाट भुक्तानी दिएको अवस्थामा उक्त आयोजनामा कार्यरत कर्मचारीलाई तलब भत्ता पालिकाले भुक्तानी दिन मिल्ने देखिँदैन। नाफामुलक संस्थाको कर्मचारीलाई पालिकाबाट तलब भत्ता भुक्तानी दिनुपर्ने पर्याप्त आधार र प्रमाण विना दिएको भुक्तानी अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

५० **खर्चको प्रमाण पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा सार्वजनिक खर्चको लेखा राख्दा प्रमाणित विल भरपाई समेतको लेखा राख्नुपर्ने र भुक्तानी दिदा रित पुगेको एकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। गाउँपालिकाले एक विद्यालय एक उद्यम कार्यक्रम संचालनको लागि चौतारा माध्यमिक विद्यालयलाई रू.१,००,०००।- भुक्तानी दिएको छ। उक्त रकमबाट कार्यक्रम संचालन तथा कार्य संचालन भएको प्रमाण पेश भएको छैन । सम्बन्धित कार्यक्रम संचालन गरेको र कार्यसम्पन्न गरेको प्रमाणित प्रतिवेदन पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

५१ **कम्प्यूटर खरिद -** नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७७ कार्तिक २० को निर्णय नं १ मा सबै संघीय, प्रदेश तथा स्थानीय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लागु गर्ने निर्णय भएको छ। पालिकाको वडा नं ९ ले विनोद इलेक्ट्रिकल सेन्टरबाट ९ थान कम्प्यूटर सोझै खरिद गरी रू.२,२३,७४०।- भुक्तानी दिएको छ। उक्त कम्प्यूटर पालिकामा दाखिला नगरी भुक्तानी दिएको देखियो। खरिद भएको कम्प्यूटर पालिकाको PAMS मा दाखिला गरी सोहि प्रणालीबाट सम्बन्धित वडालाई हस्तान्तरण गरी सोको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२३,७४० |

५२ **नारि दिवस कार्यक्रम -** गाउँपालिकाले ११३ औ अन्तराष्ट्रिय नारी दिवसको अवसरमा विविध कार्यक्रम संचालन गरेबापतको खर्च भुक्तानीको लागि शर्मिला अधिकारी कटवाललाई सोझै रू.४,९१,०००।- नगद भुक्तानी दिएको छ। निजले पेश गरेको श्रेस्ता परीक्षण गर्दा खाजा-खाना, स्टेसनरी, पुरस्कार वितरण, दोसल्ला खादा खरिदका अतिरिक्त १० बटै वडाबाट कार्यक्रममा सहभागिकोलागि यातायात खर्च वापत भुक्तानी गरेको उल्लेख गरी यातायात खर्चमा रू.२,००,०००।- खर्च लेखेको पाईयो। प्रत्येक वडाबाट सवारीसाधन प्रयोग गर्नको सवारी साधन अनुसारको विवरण तयार गरेको छैन । यातायात खर्च वापतको रकम साझा कागजमा रकम बुझाएको हस्ताक्षर गरी पेश गरेको पाईयो। सम्बन्धित यातायात धनिको बैंक खातामा रकम भुक्तानी दिएको छैन। सवारि साधन प्रयोग गरी कार्यक्रममा सहभागि हुनेको वडावाईज विवरण तयार गरी सम्बन्धित सवारी धनिको बैंक खातामार्फत रकम भुक्तानी दिएको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

५३ **जिन्सी दाखिला -** नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७७ कार्तिक २० को निर्णय नं १ मा सबै संघीय, प्रदेश तथा स्थानीय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लागु गर्ने निर्णय भएको छ। साथै नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शन, २०७९ को निर्देशन नं ४७ मा नगद मार्फत भुक्तानी दिदा हुने जोखिमलाई नियन्त्रण गर्न सबै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। गाउँपालिकाले देहायका कर्मचारीलाई नगद भुक्तानी दिई जिन्सी सामग्री खरिद गरेको र खरिद गरेको सामग्री सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS मा दाखिला नगरी सोझै भुक्तानी दिएको पाईयो। खरिद गरेको सामग्री PAMS मा दाखिला गरी सोहि प्रणालीबाट हस्तान्तरण गर्ने तथा व्यक्तिलाई दिएको भुक्तानी सम्बन्धित फर्मको बैंक खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

| भौचर मिति | विवरण | सामग्री | रकम | कैफियत |
|---|---|---|---|---|
| ६७-०७९।१०।२९ | स्वास्थ्य चौकि सिर्सेनी | कुकर,कराई लागयत भान्छा प्रयोजनको सामग्री खरिद | ५०००० | पालिकाको PAMS मा दाखिला गरेर हस्तान्तरण गर्नपर्ने |
| ९९-०७९।१२।१० | विर बहादुर थापा क्षेत्री | वडा नं ३ मा कम्प्यूटर सेट खरिद | ८३०५५ | वडा संचालन खर्च मध्ये कम्प्यूटर खरिद |
| ११४-०८०।१।११ | प्रकाश ढकाल | वडा नम्वर १० मा दराज कुर्ची खरिद | ७०६२५ | नगद भुक्तानी विविध कार्यक्रमबाट खर्च |

| | | | | |
|---|---|---|---|---|
| ११८-०८०।१।१२ | उर्मिला कुमारी खत्री | वडा नं ४ को लागि सोफासेट | १५०००० | व्यक्तिलाई नगद भुक्तानी दाखिला नभएको। |
| | | **जम्मा** | **३५३६८०** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५३,६८० |

५४ **पदाधिकारी भ्रमण भत्ता**

**.......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ मा रू.१,८०,०००।- सम्परीक्षण मनासिब देखि फस्र्योट गरिएको ।)***

५५ **अनुगमन प्रतिवेदन**

**.......... *(प्रारम्भिक प्रतिवेदन उपर गाउँपालिका अध्यक्षको अनुगमन प्रतिवेदन पेश भएको आधारमा फस्र्योट गर्न र अन्य पदाधिकारीहरुको समेत अनुगमन प्रतिवेदन पेश हुनुपर्ने बेरुजु कायम गर्न मिति २०८०।१२।४ मा सम्परीक्षण मनासिब देखि फस्र्योट गरिएको ।)***

५६ **भ्रमण खर्च र अभिलेख -** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नं, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मितिसमेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारी र कर्मचारीलाई अनुगमन र मूल्याङ्कनमा रू.९,४७,७००।- र भ्रमण खर्च रू.३१,०९,८६२।- गरी जम्मा रू.४०,५७,५६२।- खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस वा माईक्रो बसको टिकट, र अनुगमन प्रतिवेदन राखेको पाईएन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५७ **आर्थिक सहायता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई भएको राजश्व बाँडफाँटको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन।यस स्थानीय तहले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई तथा विपद् प्रतिकार्य राहत व्यवस्थापन समेत रू.१८,२५,०००।- सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५८ **खाना तथा विविध खर्च -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल,

भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ। यस वर्ष पालिकाको आन्तरिक आय रू.४२,६९,३९५।- प्राप्त गरेकोमा विविध खर्च तर्फ रू.१०,००,०००।- खर्च भएको र उक्त खर्च मध्ये रु.२,१६,६००।- खाजा खाना खर्च गरेको छ। खर्च गरेको बिल पेश गरेतापनि खर्च पुष्टि गर्ने स्पष्ट कागजात पेश गरेको देखिएन। यस्तो खर्चको उद्देश्य र यथार्थता प्रमाणित नहुने भुक्तानीलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५९ **महिला स्वयंसेविकाको यातायात खर्च**

***........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।४ मा रू.७२,०००।- सम्परीक्षण मनासिब देखि फस्योंट गरिएको ।)***

६० **सवारी साधन भाडा खर्च -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ। यस पालिकाले यो वर्ष सवारी साधन भाडातर्फ रू.७,६६,०२८।- खर्च गरेको छ। विषयगत शाखा र विभिन्न कार्यक्रम सहित सो खर्च भएको हो । मितव्ययी बन्दै पालिकामा रहेका गाडी तथा सवारी साधनको प्रयोग गरी यस्ता प्रकृतिको खर्चमा न्युनिकरण ल्याउने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६१ **टुक्रा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नुहुदैन भनी उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ८४(१) अनुसार सार्वजनिक निकायले बीस लाखसम्म लागत अनुमान भएको सार्वजनिक खरिद वा मालसामान शिलबन्दी दरभाउपत्रको माध्यमबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। यस पालिकाले मालसामान खरिद कार्यको प्रकृतिअनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सीमा अनुसार बोलपत्रमार्फत कार्य गराउनु पर्नेमा निम्नानुसारको सार्बजनिक खरिद कार्य प्रतिशपर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी सोझै गराएको रू.२४,४४,८८२।- खरिद प्रकृया नियमसम्मत नदेखिएको रू.

| सि.नं. | मिति | गो.भौ. | आपूर्तिकर्ता फर्मको नाम | बिवरण | जम्मा भुक्तानी रू. |
|---|---|---|---|---|---|
| १ | ११/१७/२०७९ | २५६ | डेभियन इन्टरप्राइजेज | मसलन्द तथा कार्यालय सामाग्री | ३३२२०० |
| २ | ११/१७/२०७९ | २५८ | कुन्तादेवी सप्लायर्स प्रा.लि. | मसलन्द तथा कार्यालय सामाग्री | ९८३००० |
| ३ | ०३/२०/२०८० | ५१७ | गोविनद फर्निचर उद्योग | मसलन्द तथा कार्यालय सामाग्री | १३१८७१ |
| ४ | ०३/२१/२०८० | ५३८ | डेभियन इन्टरप्राइजेज | मसलन्द तथा कार्यालय सामाग्री | ८४८२६१ |
| ५ | ०३/२४/२०८० | ५६२ | एलिना एलिसा किराना पसल | मसलन्द तथा कार्यालय सामाग्री | १४९५५० |
| | | | **जम्मा रकम** | | २४४४८८२ |

| | |
|---|---|
| अनियमित भएको | २४,४४,८८२ |

६२ **ईन्धन -** कोशी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ मा सवारी साधानको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ। यस पालिकाले यस वर्ष इन्धन खर्चको कुनै मापदण्ड नै तयार नगरी इन्धनमा रू.२३,८९,४९८।- खर्च गरेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च रं उपयोगको विवरण खुल्ने अध्यावधिक अभिलेख समेत राखेको पाइएन। प्रत्येक सवारी साधनको प्रयोगको अध्यावधिक लगबुक राखेपनि ईन्धन मापदण्ड बनाएको देखिदैन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाई खर्च गर्नुपर्दछ।ईन्धन खर्च पेस्कीको रुपमा नदिई पार्टी भुक्तानी गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६३ **सवारी साधन मर्मत खर्च -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मतगर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्द म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रू.२३,११,७९५।४० खर्च गरेकोमा लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक रुपमा मर्मत कार्य खरिद गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६४ **कार्यक्रम खर्च**

***........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।४ मा रू.१५३७५।- र मिति २०८०।१२।१७ मा रू.१,४८,५००।- सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको ।)***

६५ **स्थानीय भत्ता**

***........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।४ मा रू.६२,३७०।- सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको ।)***

६६ **लागत सहभागिता -** साना सिंचाई आयोजनामा संघीय ससर्त शीर्षकबाट ५० प्रतिशत र ५० प्रतिशत अन्य श्रोतको लागत सहभागितामा आयोजना संचालन गर्नुपर्ने गरी सम्झौता भएको देखिन्छ। पालिकाले देहायबमोजिम आयोजनामा संघीय ससर्त शीर्षकबाट लागत सहभागिता गर्नुपर्ने भन्दा बढी रकम दिएको देखिदा बढी रकम असुल गर्ने रु.

| भौचर मिति | विवरण | कुल भुक्तानी | भुक्तानी हुनुपर्ने | संघ ससर्तबाट भुक्तानी रकम | बढी रकम |
|---|---|---|---|---|---|
| ५१-०८०।२।२१ | बलौटे खोला मुहान सिंचाई योजना | ४३३२३३० | २१६६१६५ | २२३३९९७ | ६७८३२ |
| ४६-०८०।२।१२ | कात्तिके खोला मुहान मगरटोल सिँचाई जल उपभोक्ता समिति | १५२३१०७ | ७६१५५३ | ७८५९७३ | २४४२० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७-०८०।२।१२ | गौथलीढुङ्गा सिँचाई जल उपभोक्ता समिति | ९४५३७३ | ४७२६८७ | ८२४२१० | ३५१५२३ |
| ४५-०८०।२।१२ | पाराखोला मुहान महाविर सिँचाई | १८३४७९८ | ९१७३९९ | १०१४६४३ | ९७२४४ |
| | | | **जम्मा** | | **५४१०१९** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,४१,०१९ |

६७ **कडा चट्टान -** अप्स्वारा च्यानम मुलखर्क सडक निर्माण कार्यमा कडा ढुङ्गा काट्ने कार्यको लागत अनुमान बनाउदा ५० प्रतिशत कडा चट्टान प्रयोग गर्न मिल्ने अवस्थामा दर विश्लेषण गर्दा ५० प्रतिशत कम गर्नु पर्नेमा सो नगरी लागत अनुमान तयार गरेको तथा निर्माण व्यवसायी भरोसा कन्ट्रकसन एण्ड सप्लायर्स प्रा लिसँगको संझौता गरी सो सडक निर्माण कार्यमा १७७.५५ घनमिट्टर सोलिङगको कार्य भएको र जिल्ला दर रेटमा प्रति घनमिटर रु १५०० लाग्ने उल्लेख छ । कडा चट्टान कटान ८०.४० घनमिटर कटिङ्ग गरेको उल्लेख छ । तसर्थ कडा चट्टानको ५० प्रतिशतले हुन आउने ४० घनमिटर सोही ढुङ्गा प्रयोग गरी खरिद गर्न नपरेको कारण ४० घनमिटर को रू.१,५००।- को दरले असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,००० |

६८ **समपुरक अनुदान -** प्रदेश समपुरक अनदुान सम्बन्धी कार्यविधी, २०७५ को बुदा नं. ४(२) मा प्रदेश सरकारले आयोजनाको कूल लागतको बढीमा पैसठ्ठी प्रतिशत सम्म रकम प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्था रहेको छ। गाउँपालिकाले मान्द्रकोषहाट मुलखर्क सडक निर्माणका लागि रू.६४,९९,९०१।१२ को लागत अनुमान तयार गरेकोमा सबैभन्दा घटी कबोल गर्ने श्री भरोसा कन्ट्रक्सन प्रा. ली. सँग रू.६२,७०,६२२।५६ मा सम्झौता गरेको छ। उक्त सडक निर्माणका लागी रू.६०,९४,८८६।९८ खर्च भएको देखिन्छ । निर्माणका लागी खर्च भएको रकम रू.६०,९४,८८६।९८ को ६५ प्रतिशतले हुने रू ३९,६१,६७६।५४ प्रदेश सरकारको र बाँकी ३५ प्रतिशतले हुने रू.२१,३३,२१०।४४ गाउँपालिकाले व्यहोर्नु पर्ने देखिन्छ। गाउँपालिकाले उक्त निर्माण कार्यकालागी प्रदेश सरकारको समपुरक अनुदान रू.४६,८८,१८७।०६ खर्च गरेको छ। यसरी गाउँपालिकाले प्रदेश सरकारको रू.७,२६,५१०।५२ वढी खर्च गरेको रकम फिर्ता गरी हिसाब मिलान गरी प्रदेश सञ्चित कोषमा फिर्ता हुनु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२६,५१० |

६९ **ईन्टरनेट जडान**

***........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२१ मा रू.६,७४,१६०।- सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको ।)***

७० **ग्रामिण विद्युतीकरण -** सुनकोशी गाउँपालिकाको २०७९।८० नीति तथा कार्यक्रम को बुँदा नं १ मा ग्रामिण विद्युतीकरण कार्यलाई यस आ व भित्र सम्पन्न गरी सबै घरधुरीमा विद्युत सेवा पुराईने उल्लेखछ । विस्तृत आयोजना प्रतिवेदन अनुसार पालिका विद्युतीकरणको लागि ८ मिटरको स्टील ट्युवलर पोल संख्या ३६९५ र ९ मिटरको स्टील ट्युवलर पोल सख्या २३ प्रतिस्थापन गर्न जम्मा रू.१७,७०,४५,७३७।३५ लागत लाग्ने अनुमान

गरेको मध्ये ८ मिटरको स्टील ट्युवलर पोल सख्या ३६९५ मध्ये २४७६ र ९ मिटरको स्टील ट्युवलर पोल सख्या २३ गर्ने भनेकोमा ६० वटा पोल निर्माण कार्यको लागि बोलपत्र मार्फत रेनु कन्ट्रक्सन कम्पनि प्रा लि सँग संझौता गरी रू.८,३८,८८,०४२।- खर्च गरेको देखिन्छ ।वडा नं १ देखि ९ सम्मका सम्पुर्ण भागमा विद्युतीकरण गर्न सकेको देखिदैन । विद्युत प्राधिकरणले गर्ने काम पालिकाले आफै गर्दा पालिकाको रू.१७ करोड ७० लाख ४६ हजार व्ययभार पर्ने देखिन्छ । विद्युत प्राधिकरणसँग सहकार्य गरी सञ्चालन व्यवस्थापनको टुङ्गो नलगाई विद्युतीकरणको काम गरेको देखिन्छ । विद्युतीकरणको कार्य विद्युत प्राधिकरणले नै गर्नु पर्दछ। विद्युत प्राधिकरणसँग समन्वय नगरी यस कार्य पालिकाले अगाडी बढाउनु उचित होइन। विद्युत वितरण, सञ्चालन र व्यवस्थापनसँग सम्बन्धित आय व्ययको मोडल के हुने भन्ने सम्बन्धमा केही अध्ययन गरेको देखिदैन । पालिकाले सञ्चालन तथा व्यवस्थापन मोडल स्पष्ट गरी अधिकाधिक फाईदा लिनेतर्फ ध्यान दिनुपर्दछ ।

| **डि पि आर अनुसार को विवरण** | | | | |
|---|---|---|---|---|
| स्टील ट्युवलर पोल | ५ ६ ९ वडा | ४ ७ र ८ नं वडा | १ २ र ३ नं वडा | जम्मा |
| लम्वाई | ६८ कि मि | ५७ कि मि | ९५.५ किमि | २२०.५ |
| ८ मिटरको स्टील ट्युवलर पोल सख्या | १३६०. | १४२५. | १९१०. | ३६९५. |
| ९ मिटरको स्टील ट्युवलर पोल सख्या | ९. | ६. | ८. | २३. |
| लागत अनुमान | ५१४६१२६६.६९ | ५२९६८५३४.४५ | ७२६१५९३६.२१ | १७७०४५७३७.३५ |

सैद्धान्तिक बेरुजु

७१ **जटिलसंरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्ः

| गो. भौ. नं. | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १६०–२०८०/०२/२३ | रायगाउँ हुदै दलित वस्ति माथिल्लोवृता खानेपानी निर्माण योजना | पानी ट्याङ्की निर्माण | ९७०००० |
| १८६–२०८०/३/१३ | केउरिनी खानेपानी ट्याङ्कीनिर्माण योजना | पानी ट्याङ्की निर्माण | ९७०००० |

सैद्धान्तिक बेरुजु

७२ **हेभी इक्विपमेण्टको प्रयोग -** खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर

जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्ः

| गो.भौ. नं. | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | प्रयोग गरेको हेभी उपरकरण रकम |
|---|---|---|---|---|---|
| १९-२०७९/०९/२१ | मुलखर्क खेल मैदान स्तोरन्नतीसुनकोशी | खेलमैदान स्तोरन्ती | ४८५००० | स्काभेटर | ४६५५२८ |
| ६८-२०७९/१२/०७ | आपडाँडा सडक निर्माण तथा मर्मतास्तोरन्ती योजना | सडक स्तोरन्ती | ४८२००० | स्काभेटर | ६००२७४.७ |
| १०१-२०८०/१/०३ | साविक कटुञ्जे २ (गोप्य कल्व)देखि जुगे खोला सम्म मोटर बाटो निर्माण योजना सुनकोशी | बाटो निर्माण | ८७३००० | स्काभेटर | ९०६५४५ |
| १३१-२०८०/२/१० | सुनकोशी खेलमैदान स्तोरन्नती तथाविस्तार योजना | खेलमैदान स्तोरन्ती | ५८२००० | स्काभेटर | ६१५९३६ |
| १४४-२०८०/२/२१ | नपुङ्क साधी देखी वडा नं. ४ जोडनेमोटरबाटो निर्माण योजना | सडक स्तोरन्ती | ३८८००० | स्काभेटर | ४३१४०५ |
| १४५-२०८०/२/२१ | बलुँखु गौरीगेरूङ्ग सडक निर्माणयोजना, सुनकोशी | सडक निर्माण | २४८३२० | स्काभेटर | २९०७५५ |
| १५२-२०८०/२/२२ | नयाँ वस्ती दिन्दुक मोटर बाटो निर्माण | सडक निर्माण | ३३९५०० | स्काभेटर | ३८६८१६ |
| १५३-२०८०/२/२२ | दिन्दुक संसा सडक निर्माण योजना | सडक निर्माण | ३८८००० | स्काभेटर | ४६३५६९ |
| १६३-२०८०/२/२४ | होप आम्बोटे भदौरे ठोडोवारी टोडकेसडक निर्माण योजना | सडक निर्माण | ५८२००० | स्काभेटर | ६५४६८० |
| १८१-२०८०/३/११ | कमलपोखरी मुलाबारी गिरीटोलपैयाबोट मोटरबाट निर्माण | बाटो निर्माण | ३८८०० | स्काभेटर | ४२४५०४ |
| १८५-२०८०/३/१२ | सिमपानी सडक निर्माण योजनासुनकोशी | बाटो निर्माण | ४८५००० | स्काभेटर | २१७९३१ |

| | | | | | |
|---|---|---|---|---|---|
| २०३-२०८०/३/२२ | सिद्धथान भैसेगौडा सडक निर्माणयोजना सुनकोशी | सडक निर्माण | ४८५००० | स्काभेटर | ५२८६२४ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७३ **मेड्पा -** नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७७ कार्तिक २० को निर्णय नं १ मा सवै संघीय, प्रदेश तथा स्थानीय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लागु गर्ने निर्णय भएको छ। पालिकाले मेड्पा कार्यक्रम संचालनको लागि ए आर वि ईन्फोसिसबाट रू.१,५०,०००।- मा ५ थान कम्प्यूटर खरिद गरेको विल पेश गरेकोमा उक्त कम्प्यूटर वडा नं १ को वडा कार्यालयमा रहेको जनाएको छ। खरिद गरेको कम्प्यूटर PAMS मा दाखिला गरेको छैन। उक्त सामग्री PAMS मा दाखिला गरी पालिकाले प्रयोजनामा ल्याउनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

७४ **मेड्पा कार्यक्रमको बजेटबाट खरिद -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघीय संचित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको रकममध्ये आर्थिक बर्ष भित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको ससर्त अनुदानको रकम आर्थिक बर्ष भित्र फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले गरिवी निवारणको लागि लघुउद्यम कार्यक्रम संचालनको लागि प्राप्त बजेटमध्ये कार्यक्रम संचालनमा प्रशासनिक खर्च समेत रहेको ग रू.१,३९,९७३।- को ल्यापटप तथा कम्प्यूटर खरिद गरी कार्यक्रम संचालन खर्च शीर्षकबाट भुक्तानी दिएको पाईयो। पालिकाको आन्तरिक श्रोतबाट खरिद गर्नुपर्नेमा ससर्त शीर्षकबाट खर्च लेखेको देखिदा गरिवी निवारणको लागि लघुउद्यम कार्यक्रम खर्च शीर्षकको रकम अनियमित देखिएको रु

| भौचर मिति | विवरण | सप्लायर्स | रकम |
|---|---|---|---|
| २८७-०८०।३।२४ | कम्प्यूटर खरिद | ए आर बि इन्फोसिस | ६४९७५ |
| २८४-०८०।३।२३ | ल्यापटप खरिद | इन्स्टयान्ट आइ टि सपोर्ट प्र लि | ७४९९८ |
| | | **जम्मा** | **१३९९७३** |

| | |
|---|---|
| अनियमित भएको | १,३९,९७३ |

७५ **धरौटीतर्फ**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२१ मा रू.१६,५०,०००।- सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)*

७६ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को नियम २९ मा कामको नियमित सुपरीवेक्षण गर्नुपर्ने र नियम ३० मा अनुसूची ५ बमोजिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवं सामुदायिक पुर्वाधारको विकास मार्फत नागरीकको जिवन यापनमा सुधार ल्याउने उदेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाको विभिन्न वडाहरुमा सडक मर्मत तथा सोलिङ, कुलो

कटानको कार्य गर्न १४ वटा योजना संचालनमा रहेको र उक्त कार्यबाट औषत ८३ कार्य दिन कार्य गरेवापत जनालाई १२६ जनालाई रू.६८,२०,७०४।- खर्च भुक्तानी दिएको देखियो। उक्त कार्यबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भएतापनि संचालित योजनाबाट कामको दिगोपना र दीर्घकालिन रोजगारी सृजना भएको देखिदैन। कामको दिगोपना र दीर्घकालिन रोजगारी सृजनाहुने आयोजना संचालन गर्ने तर्फ जोड दिनुपर्ने देखिन्छ। साथै कार्यविधिको व्यवस्था कार्यान्वयन गरी रोजगार कार्यक्रमलाई थप परिस्कृत तथा व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७७ **मेड्पा कार्यक्रमबाट सामग्री खरिद -** गरिबी निवारणको लागि लघुउद्यम कार्यक्रम संचालन निर्देशिका,२०७७ को नियम ४० मा सहजकर्ताको सिफारिसमा उद्यमको प्रकृति हेरी व्यवसायिक प्रकृति अनुसार शाखाले लघुउद्यमि वा उद्यमि समुहलाई प्रविधि हस्तान्तरण गर्ने नियम ४१ मा उद्यमिको प्रकृतिको आधारमा आवश्यकता विश्लेषण गरी शाखाले अनुसुची १३ बमोजिम सम्झौता गरी लागत साझेदारिमा प्रविधि हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले उल्लेखित नियमको पालना नगरी कार्की एग्रोभेट कन्सर्नबाट ११ थान राईस मिल खरिद गरी रू.५,०६,०००।- भुक्तानी दिएको । खरिद गरेको सामग्री पालिकामा दाखिला नगरी स्टोरमा थन्काएर राखेको पाईयो। उपकरण उपयोग सम्बन्धमा पालिकाले कार्यक्रम बनाई आवश्यकताको विश्लेषण गरी सम्बन्धित व्यक्ति तथा समुहलाई वितरण गर्ने र सो सञ्चालन सम्बन्धी कार्यविधि बनाई कार्यान्वयन गरेको प्रमाण पेश गर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,०६,००० |

७८ **प्रविधि हस्तान्तरण -** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को ४१ (३) दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपुर्तिकर्ताले कबोल गरेको अङ्कको बिस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकममा मात्र कार्यालयले आपुर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसार सिलाई मेशिन प्रविधि हस्तान्तरण गर्द आलम सिलाई मेशिन सप्लायर्सलाई रू.१,३०,०००।- भुक्तानी गरेको छ । निर्देशिका अनुसार गाउँपालिकाबाट ८० प्रतिशत भुक्तानी गर्नु पर्नेमा शत प्रतिशत भुक्तानी भएकोले २० प्रतिशत रकम सम्वन्धित लघु उद्यमीबाट असुल गरी संघीय संचितकोष दाखिला गर्नु पर्ने रू.

| क्र.सं. | विवरण | प्रविधि उपकरण | कुल लागत | २० प्रतिशत |
|---|---|---|---|---|
| १ | कमला तामाङ | सिलाई मेशिन सेट | १३००० | २६०० |
| २ | सुनिता तामाङ | सिलाई मेशिन सेट | १३००० | २६०० |
| ३ | अस्मिता तामाङ | सिलाई मेशिन सेट | १३००० | २६०० |
| ४ | सुस्मा तामाङ | सिलाई मेशिन सेट | १३००० | २६०० |
| ५ | सपना तामाङ | सिलाई मेशिन सेट | १३००० | २६०० |
| ६ | उर्मिला तामाङ | सिलाई मेशिन सेट | १३००० | २६०० |

| | | | | |
|---|---|---|---|---|
| ७ | संगमाया तामाङ | सिलाई मेशिन सेट | १३००० | २६०० |
| ८ | चंचला तामाङ | सिलाई मेशिन सेट | १३००० | २६०० |
| ९ | मनमायाँ तामाङ | सिलाई मेशिन सेट | १३००० | २६०० |
| १० | सविना माया तामाङ | सिलाई मेशिन सेट | १३००० | २६०० |
| | | **जम्मा** | **१३००००** | **२६०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,००० |

७९ **अनुगमन -** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को ४१ प्रविधि उपयोगको विवरण कार्यालयमा पेश गर्नु तथा प्रविधि हस्तान्तरण गर्दा शाखाले सर्तनामा गराई बुझाउनुका साथै सोको विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ। निर्देशिका अनुसार प्रविधि हस्तान्तरण गर्दा शाखाले शर्तनामा अनुसार विवरण अद्यावधिक गरी अनुगमन गर्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८० **गरिबसँग विश्वेश्वर कार्यक्रम -** गरिबसँग विश्वेश्वर निर्देशिका, २०६६ को नियम (घ) मा स्थानीय तहले कार्यक्रमको समन्वय र अनुगमन गर्ने कार्यक्रम संचालनका क्रममा आवश्यक समन्वय गर्ने र सवै कार्यक्षेत्रको प्रगति प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष देहायबमोजिम समुहलाई अनुदान भुक्तानी दिएकोमा उक्त अनुदानको प्रगति प्रतिवेदन तथा उनुदानको उपयोगिताको अनुगमन गरेको छैन । निर्देशिका बमोजिम अनुदान प्राप्त समुहको अनुगमन गरी प्रगति प्रतिवेदन पेश गर्नुपर्ने रु

| क्र.स | भुक्तानी पाउने समुह | रकम वुझ्नेको नाम | रकम |
|---|---|---|---|
| १ | जलदेवी समुह | भेष कुमार खत्री | २५००० |
| २ | उद्धमशिल समुह | निरमाया वस्नेत | २५००० |
| ३ | जयविष्णु समुह | निर्मला कार्की | २५००० |
| ४ | लालिगुरास समुह | खेतमाया नेपाली | २५००० |
| ५ | आईतवारे समुह | टंक बहादुर अधिकारी | २५००० |
| ६ | जगतजननी समुह | फुलमायाँ कार्की | २५००० |
| ७ | हलेशी दर्शन समुह | वेदमायाँ नेपाली | २५००० |
| ८ | जयाविष्णु समुह | कालिका परियार | २५००० |
| ९ | गोदावरी समुह | छत्रमायाँ श्रेष्ठ | २५००० |
| १० | शक्तिशाली हरियाली समुह | ममिता नेपाली | २५००० |

| | | | |
|---|---|---|---|
| | | **जम्मा** | २५०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

८१ **स्वास्थ्य**

८१.१ **औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा कुनैपनि मालसामान खरिद गर्दा खरिद गर्ने सामग्रीको स्पेशिफिकेसनको अधिनमा रहि सम्बन्धित सार्वजनिक निकाय वा जिल्ला अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो बर्षमा खरिद गरेको सामग्रीको वास्तविक लागत, स्थानीय वजार दर, अन्य बजारको दरभाउ, उद्योग वाणिज्य संघले जारी गरेको दर समेतलाई आधार मानि लागत अनुमान स्वीकृत गरेर मात्र खरिद कार्य गर्न सकिने व्यवस्था छ। पालिकालाई आवश्यक पर्ने औषधीको आवश्यकता वर्ष भरिमा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी एवं पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि सूचीकृत भएका अत्यावश्यक कार्यालयबाट खरिद भई प्राप्त हुने परिणाम तथा तालुक कार्यालयबाट प्राप्त गरेको औषधीको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। यस वर्ष विभिन्न औषधी फरक फरक सप्लायर्सवाट टुक्रा पारी खरिद गरी रु.३२,३५,४८४।- भुक्तानी दिएको छ । कार्यालयले औषधी खरिद गर्दा आवश्यकता पहिचान औषधिको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधार गरेको देखिएन।

| क्र.सं. | सप्लायर्स | प्रकृया | रकम रू. |
|---|---|---|---|
| १ | मेडिगोल्ड इन्टरनेशनल | ठेक्का | ४१७६०० |
| २ | गुडलक मेडिसिन एण्ड सर्जिकल सप्लायर्स | सोझै खरिद | ४८६२०० |
| ३ | नयन मेडिको फर्मा | सोझै खरिद | १४४२१६ |
| ४ | सुबिसु मेडिसिन सप्लायर्स | सोझै खरिद | १६९३१४० |
| ५ | शिवान्स मेडिसिन सप्लायर्स | सोझै खरिद | ४९४६९२ |
| | **जम्मा** | | **३२३५४८४** |

***.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१९ को निर्णयानुसार रू.३२,३५,४८४।- सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)***

८१.२ **नगद भुक्तानी -** नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन २०७९ को निर्देशन नं ४७ मा नगद मार्फत भुक्तानी दिदा हुने जोखिमलाई नियन्त्रण गर्न सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। गाउँपालिकाले यस वर्ष व्यक्तिलाई भुक्तानी दिएको रकमको नमुना परीक्षण गर्दा निम्नानुसार भुक्तानी सोझै सम्बन्धितको खातामा दाखिला भुक्तानी दिनुपर्नेमा कार्यालयको कर्मचारीलाई नगद भुक्तानी दिएको पाईयो। कर्मचारीलाई सम्बन्धित व्यक्ति तथा फर्मको खातामा रकम भुक्तानी दिएको प्रमाण पेश गर्नुपर्ने र आगामि दिनमा कर्मचारीलाई नगद भुक्तानी दिने कार्यमा नियन्त्रण गरी सम्बन्धितको बैंक खातामार्फत भुक्तानी दिने व्यवस्था कार्यान्वयन गर्नुपर्ने रू.

| भौचर मिति | विवरण | भुक्तानी दिएको | भुक्तानी पाउनुपर्ने | रकम |
|---|---|---|---|---|
| १४८-०८०।१।१५ | औषधी ढुवानीको भाडा भुक्तानी | नेत्र बहादुर कटवाल | सम्बन्धित सवारी धनी | ७७००० |
| २०१-०८०।३।१२ | औषधी ढुवानीको भाडा भुक्तानी | नेत्र बहादुर कटवाल | सम्बन्धित सवारी धनि | ३६००० |
| २१०-०८०।३।१३ | पन्जिकरण कार्यक्रम तथा सामग्री खरिद | रञ्जु खत्री थापा | नगद भुक्तानी दिनैपर्ने रकम बाहेक बैंक मार्फत भुक्तनी दिनुपर्ने | १४९५०० |
| ३१०-०८०।३।२४ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | ललित कुमार यादव | गाडि भाडा | ७५८०० |
| १३-०७९।६।९ | स्वास्थ्य चौकि च्यानमको विद्युत महसुल | चेत बहादुर बस्नेत | विद्युत महसुल | ६३२२२ |
| १४-०७९।६।९ | व्याकहो लोडर ईन्धन | नवराज खत्री | इन्धन खर्च | ७५०६० |
| ७१-०७९।११।२५ | व्याकहो लोडर ईन्धन | नवराज खत्री | इन्धन खर्च | १५०००० |
| २३५-०८०।३।३० | व्याकहो लोडर ईन्धन | नवराज खत्री | इन्धन खर्च (पेस्की मार्फ) | १००००० |
| | **जम्मा** | | | **७२६५८२** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२६,५८२ |

८१.३ **रेफ्रिजेनेटर खरिद -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा लेखा राख्दा विल भरपाई सहितको लेखा राख्नुपर्ने र भुक्तानी दिदा रित पुगेको एकिन गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले ओक्सिटेसन भण्डारणको लागि आइ एद्य आर रेफ्रि जेनेरेटर खरिद गरी नयन मेडिकल फर्मालाई रू.३,९९,४५५।- भुक्तानी दिएको छ । खरिद गरेको रेफ्रिजेनेरेटर आवश्यकताको पहिचान गरी सम्बन्धित वर्थिङ्ग सेन्टरमा जडान गरी सेवा प्रवाहमा सहजिकरण गर्नुपर्ने मा कुनैपनि वर्थिङ्ग सेन्टरलाई हस्तान्तरण गरेको पाईएन। खरिद गरेको रेफ्रिजेनेरेटर PAMS मा दाखिला गरी सोहि प्रणालीबाट सम्बन्धित वर्थिङ्ग सेन्टरलाई हस्तान्तरण गरी सोको प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९९,४५५ |

८१.४ **सोझै औषधी खरिद -** गाउँपालिकाले औषधी खरिदको लागि रू.१२,००,२३८।- को लागत स्वीकृत गरी बोलपत्रको माध्यमबाट ठेक्का नं १/२०७९.८०/Medicine बाट मेडिगोल्ड इन्टरनेशनल प्रा.ली सँग रू.४७१८७७ ठेक्का सम्झौता गरी औषधी खरिद गरेको छ। पालिकाले यस वर्ष बोलपत्रको माध्यमबाट औषधी खरिद गरे पश्चात सुविसु मेडिसिन सप्लायर्सबाट रू.१६,९३,१४०।- को सोझै खरिद गरी भुक्तानी दिएको छ। ठेक्का माध्यमबाट खरिद गरे पश्चात थप खरिद गर्दा ठेक्का मुल्यमा खरिद गर्नुपर्नेमा निम्न औषधीको बढी दरले खरिद गरी बढी भुक्तानी

दिएको पाईयो। बोलपत्रको माध्यमबाट खरिद गरेपश्चात पुन सोहि औषधी बढी दरमा खरिद गरी भुक्तानी दिदा थप व्ययभार पारेको अनियमित देखिएको रू.

| क्र.सं. | विवरण | ठेक्का मुल्य | सोझै खरिद | | फरक | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| | | | खरिद परिमाण | खरिद मुल्य | | |
| 1 | Lignocain(30ml) | 1 | 60 | 48 | 47 | 2820 |
| 2 | Paracetamol 500mg | 0.01 | 80000 | 0.99 | 0.98 | 78400 |
| 3 | Paracetamol 60ml | 1 | 300 | 32 | 31 | 9300 |
| 4 | Ibuprofen 400mg | 2.5 | 12000 | 3 | 0.5 | 6000 |
| 5 | Chlopheniramine 4mg | 1.6 | 40000 | 1.6 | 0 | 0 |
| 6 | Metronidazole 400mg | 0.1 | 15000 | 3.9 | 3.8 | 57000 |
| 7 | Metronidazole 60ml | 1 | 200 | 45 | 44 | 8800 |
| 8 | Amoxicillin 125mg | 0.11 | 5000 | 3.5 | 3.39 | 16950 |
| 9 | Amoxicillin 500mg | 0.1 | 10000 | 8 | 7.9 | 79000 |
| 10 | Ciprofloxacin 500ml | 7.5 | 10000 | 8 | 0.5 | 5000 |
| 11 | Ciprofloxacin eye/ear drop | 11 | 500 | 28 | 17 | 8500 |
| 12 | Neomycine (ointment) | 1 | 200 | 90 | 89 | 17800 |
| 13 | Compound solution of sodium lactate 500ml | 1 | 100 | 55 | 54 | 5400 |
| 14 | Calamin lotion 30ml | 12 | 400 | 80 | 68 | 27200 |
| 15 | Gammabenzene hexachioride 100mg | 1 | 120 | 90 | 89 | 10680 |
| 16 | Povidin iodine 500mg | 1 | 60 | 350 | 349 | 20940 |
| 17 | Clove oil 5ml | 1 | 130 | 32 | 31 | 4030 |
| 18 | Silver sulphadizine cream | 1 | 110 | 90 | 89 | 9790 |
| 19 | Clotrimazole skin cream | 1 | 1000 | 105 | 104 | 104000 |
| 20 | Cotton 200gm | 1 | 70 | 390 | 389 | 27230 |
| | | | Total | | | 498840 |

| | |
|---|---|
| अनियमित भएको | ४,९८,८४० |

## ८२ शिक्षा

८२.१ **तलबी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । गाउँपालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ १३ स्वास्थ्य संस्था तथा स्वास्थ्य शाखाका कर्मचारीको रू.२,२१,००,०००।- शिक्षातर्फ रू.९,४८,५८,१८३।- गरी रू.११,६९,५८,१८३।- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब

भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८२.२ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत ससर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । शिक्षक तलब भत्ता खर्चको लागि ससर्त अनुदानबाट निकास प्राप्त हुने र सोहीबाट खर्च गर्नुपर्ने हुन्छ । विद्यालय शिक्षक दरबन्दी कम भएमा शिक्षक सख्या निर्धारण गर्न ओ एन एम गरी सोही अनुसार शिक्षक दरबन्दी स्वीकृत गरी शिक्षा सेवा आयोगबाट पदपुर्ति गर्नु गराउनु पर्दछ । यस पालिकाले विकास निर्माण कार्यको लागि आयको समानिकरण अनुदानबाट शिक्षक नियुक्त गरी रु.४,५०,०००।- खर्च लेखेको छ । समानिकरण अनुदानको रकम विकासका कार्यमा खर्च गर्नुपर्नेमा शिक्षकको तलब भत्तामा भुक्तानी भएको रकम नियमसंगत नदेखिएको रू.

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | खर्च |
|---|---|---|
| १ | आरु भञ्जयाङमा.वि. निजी शिक्षक तलब भत्ता | २५०००० |
| २ | कालिकाआ.वि. निजि शिक्षक तलब भत्ता | १००००० |
| ३ | निजीशिक्षक तलब भत्ता जगत जननी मा.वि. | १००००० |
| | **जम्मा** | **४५००००** |

| अनियमित भएको | ४,५०,००० |
|---|---|

८२.३ **अंग्रेजी गणित विज्ञान निकासा -** शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७९ को दफा ६ (१) अनुसार माध्यमिक तहको शुन्य दरवन्दी रहेकोमा ३, एक दरवन्दी रहेकोमा- २ र दुई दरवन्दी रहेको १ जना गणित, विज्ञान, अङ्ग्रेजी शिक्षक शिक्षण सिकाई अनुदान दिने व्यवस्था छ। पालिकाले देहायका विद्यालयलाई शिक्षण सिकाई अनुदान बापत रू.२९,१०,७२०।- रकम निकासा दिएको छ। विद्यालयलाई उक्त रकम निकासा दिंदा शिक्षक नियुक्ति गरेको तथा शिक्षकलाई तलब भुक्तानी दिएको प्रमाण बेगर भुक्तानी दिएकोले निकासा दिएको देखिदा शिक्षक नियुक्ति तथा तलब भुक्तानीको प्रमाणित प्रतिवेदन पेश गर्नुपर्ने रू.

| क्र.सं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १. | पंचकन्या मा बि सिस्नेरी | ४५५८८० |
| २. | दामथि मा बि | ४५५८८० |
| ३. | थानी नि मा बि जेरुङ्ग | ३६२४०० |
| ४. | जगजननि मा बि मानडाँडा | ४५५८८० |
| ५. | योगिस्थान नि मा बि | ३६२४०० |

| | | |
|---|---|---|
| ६. | कालिका नि मा बि कोषभन्ज्याङ्ग | ३६२४०० |
| | **जम्मा** | **२४५४८४०** |

✍ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१९ को निर्णयानुसार रू.४,५५,८८०।- सम्परीक्षण मनासिब देखि फस्योंट गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,५४,८४० |

८२.४ **प्रारम्भिक बालविकास सहजकर्ता -** प्रारम्भिक बालबिकास कार्यक्रम संचालन सम्बन्धी निर्देशिका २०६१ को दफा ८ अनुसार दिनको ४ घण्टा कक्षा संचालन गर्नुपर्ने र प्रत्यक कक्षामा २५ जना सम्म बालबालिका राख्नुपर्ने व्यवस्था छ। तपसिल विद्यालयका २५ जना बालबालिका वरावर १ सहजकर्ता राख्नुपर्नेमा २५ भन्दा कम भएको विद्यालयमा पनि १ भन्दा बढी सहजकर्ता राखेको पाईयो। प्रति सहजकर्ता प्रतिमहिना रू.१५,०००।- का दरले निकासा दिएको छ। निर्देशिका अनुसार बढी संख्यामा सहजकर्ता राखि भुक्तानी दिदा थप व्ययभार पारेको सम्बन्धमा प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| क्र.सं | विद्यालयको नाम | बिद्यार्थी संख्या | सहजकर्ता संख्या | राख्नुपर्ने | बढी | भुक्तानी रकम | भुक्तानी हुनुपर्ने | बढी रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | कालिका माध्यमिक विद्यालय | ५ | २ | १ | १ | ३९०००० | १९५००० | १९५००० |
| २ | कटुन्जे माध्यमिक विद्यालय | १५ | ४ | १ | ३ | ७८०००० | १९५००० | ५८५००० |
| ३ | प्रवुद्ध माध्यमिक विद्यालय | २२ | २ | १ | १ | ३९०००० | १९५००० | १९५००० |
| ४ | जगतजननि माद्यमिक विद्यालय | १२ | २ | १ | १ | ३९०००० | १९५००० | १९५००० |
| | **जम्मा** | | | | | | | **११७००००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,७०,००० |

८२.५ **दिवा खाजा -** शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप २.७.११.१ मा स्थानीय तहहरुले विद्यार्थिको दिवा खाजा कार्यक्रमका लागि विद्यालयलाई अनुदान उपलव्ध गराउदा गाउँपालिकाले दिवा खाजा संचालन कार्यविधि २०७७ अनुसार खाजा व्यवस्था प्रवन्ध मिलाउनुपर्ने, स्थानीय तहले दिवाखाजा उपलव्ध गराईएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र पालिकाले चौमासिक रुपमा अनुदान उपलव्ध गराउनुपर्ने व्यवस्था छ । यस आर्थिक वर्षमा पालिका मातहतका ४० विद्यालयका २७२१ विद्यार्थीलाई दिवा खाजा वापत रू.६७,०४,४८१।- निकासा दिएको छ। पालिकाले विद्यालय खुलेको अवधि र विद्यार्थीलाई खाजा खुवाएको दिन सुनिश्चित हुने प्रमाण तथा बिल भरपाई पेश गरेको छैन । विद्यार्थीलाई रकम वुझाएको हस्ते भरपाईको आधारमा भुक्तानी दिएको देखियो। जस बाट उपस्थित भएको दिनको हिसाबले खर्च भएको छ र विद्यार्थीलाई खाजा खुवाइएको छ भन्न सक्ने अधार भएन ।

कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था तथा दिवा खाजा संचालन कार्यविधि अनुसार खाजा खुवाएको प्रमाणित विल भरपाई प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई पालिकामा पेश गर्नुपर्ने र सोको आधारमा रकम निकासा दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

| क सं. | विद्यालयको नाम | प्रथम | दोश्रो | जम्मा |
|---|---|---|---|---|
| १ | सेतीदेवी प्रा.वि. टाँकीटार | ३६८५५ | ३६०४५ | ७२९०० |
| २ | सोहाङ्गना प्रा.वि. भीरगाउँ | ३३१२० | ३१६८० | ६४८०० |
| ३ | महाकाली प्रा.वि. आम्बोट | ३३००० | २२८७५ | ५५८७५ |
| ४ | जनज्योति प्रा.वि. सिमलचौर | ४५५८५ | ४४९१० | ९०४९५ |
| ५ | कालिका प्रा.वि. माटे | ३५८३५ | ३६५८५ | ७२४२० |
| ६ | आरुभञ्याङ नि.मा.वि. आरुभञ्याङ | १२४३८० | १०४३७० | २२८७५० |
| ७ | बलखु मा.वि. बलखु | १६४७०० | १४३३८५ | ३०८०८५ |
| ८ | योगिस्थान नि.मा.वि. साँधी | १०१२५० | १००४१० | २०१६६० |
| ९ | सुनकोशी मा.वि. बलखु | १३९५९० | १३९६२० | २७९२१० |
| १० | जनजागृति प्रा.वि. भदौरेटार | ५३६१० | ४७२९५ | १००९०५ |
| ११ | जयश्वेरी प्रा.वि. बलखु | ४५१६५ | ५६२९२ | १०१४५७ |
| १२ | प्रबुद्ध मा.वि. च्यानम | १७५५०० | १७५५०० | ३५१००० |
| १३ | चम्पादेवी प्रा.वि. रयाले | २५९७४ | १९०३५ | ४५००९ |
| १४ | जगतजननी निमावि. मानेडाँडा | ७४२५० | ६८२५० | १४२५०० |
| १५ | सन्तमाला प्रा.वि. खाल्टेडाडा | ५७२७० | २५०५० | ८२३२० |
| १६ | कालिका प्रा.वि. जोरधारा | ५८९५० | ५७०७५ | ११६०२५ |
| १७ | कालिका नि.मा.वि. कोषभञ्याङ | ९८०४० | १०७१६० | २०५२०० |
| १८ | चम्पादेवी नि.मा.वि. ककनी | १६२८४० | १५५७६० | ३१८६०० |
| १९ | कटुन्जे मा.वि. कटुन्जे | १२०३७५ | ११५८७५ | २३६२५० |
| २० | सुमित्रा प्रा.वि. सुर्केनागी | ३३६४५ | ३३६४५ | ६७२९० |
| २१ | कुशादेवी मा.वि. कटुन्जे | १०७७७५ | १७००५५ | २७७८३० |
| २२ | भिमसेन प्रा.वि. घलेपाटीे | ५५००५ | ६२८३५ | ११७८४० |
| २३ | शिवालय प्रा.वि. ह्याकुले | ४७३२५ | ४८०७५ | ९५४०० |

| | | | | |
|---|---|---|---|---|
| २४ | सृजनादेवी प्रा.वि. कटुन्जे | १०१७० | १०८३० | २१००० |
| २५ | पाटनदेवी नि.मा.वि. आम्बोटे | ७५३८५ | ७८१३५ | १५३५२० |
| २६ | भूमेथान प्रा.वि. ओखे | ५०५०५ | ३५७०० | ८६२०५ |
| २७ | दामती नि.मा.वि. पारा | १५३५४० | १५५२९५ | ३०८८३५ |
| २८ | कालिका नि.मा.वि. मूलखर्क | ६७६८० | ५२०८० | ११९७६० |
| २९ | चौतारा मा.वि. डाँडाखर्क | २९४३४५ | २१९२४० | ५१३५८५ |
| ३० | महाकाली प्रा.वि. नौलागाउँ | ५१९६० | ४२६९० | ९४६५० |
| ३१ | जलकन्या प्रा.वि. सल्लेरी | ३४५०० | २७३३० | ६१८३० |
| ३२ | थानी नि.मा.वि. जेरुङ | २७४३६५ | २६४३३० | ५३८६९५ |
| ३३ | पञ्चकन्या मा.वि. सिस्नेरी | १३८३३० | १४५२३० | २८३५६० |
| ३४ | कालिका मा.वि. सिस्नेरी | १७९४०० | १६६३२० | ३४५७२० |
| ३५ | जाल्पा प्रा.वि. देवीटार | ५१३०० | ४४६२५ | ९५९२५ |
| ३६ | सरस्वती प्र.वि. डाँडागाउँ | ९५६१० | ७४७९० | १७०४०० |
| ३७ | जनजागृति प्रा.वि. सारदुम्कि | ४५०४५ | ४४०५५ | ८९१०० |
| ३८ | गंगा प्रा.वि. ढाडखोला | ७५०० | २५६५० | ३३१५० |
| ३९ | जनचेतना प्रा.वि. जेरुङघाट | २५६५० | ७००४० | ९५६९० |
| ४० | त्रिवेणीधाम संस्कृत विद्यालय | ६१०३५ | ० | ६१०३५ |
| | **जम्मा** | **३४४६३५९** | **३२५८१२२** | **६७०४४८१** |

सैद्धान्तिक बेरुजु

८२.६ **निशुल्क पाठ्यपुस्तक -** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० मा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ । यस वर्ष १ देखि १२ कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत रू.३७,२३,६४६।- खर्च लेखेको छ। सो सम्वन्धमा स्थानीय तहबाट अनुगमन गरेको पाइएन । अनुगमन नभएकोले सम्बन्धित विद्यार्थीले पाठ्यपुस्तकको उपयोग गरे नगरेको सम्बन्धमा एकिन गर्न सकिने अनुगमन गरी प्रतिवेदन दिने व्यवस्था हुनुपर्दछ। साथै पाठ्यपुस्तक खरिदकोलागि अनुदान निकासा दिएका विद्यालयमध्ये नमुना परिक्षण गर्दा IEMIS मा प्राप्त विद्यार्थी संख्या र पाठ्यक्रम बिकास केन्द्रले प्रकाशित गरेको पाठ्यपुस्तकको मुल्यसुची हिसाब गर्दा देहायका विद्यालयमा निम्नानुसार बिद्यार्थी संख्या भन्दा रू.१२,८७,८५३।- बढी भुक्तानी दिएको पाईयो। पालिकाले अन्य विद्यालयमा दिएको रकम एकिन गरी बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रू.

| सि.नं. | विद्यालयको नाम | जम्मा भुक्तानी | हुनुपर्ने निकासा | बढी निकासा रु |
|---|---|---|---|---|
| १ | सोहाङ्गना प्रा.वि. भीरगाउँ | १४२४९ | १२४८२ | १७६७ |
| २ | महाकाली प्रा.वि. आम्बोट | १४७९१ | १०४६१ | ४३३० |
| ३ | आरुभञ्याङ मा.वि. आरुभञ्याङ | १३९०३७ | ८८८४३ | ५०१९४ |
| ४ | बलखु मा.वि. बलखु | २६५८८४ | २००००० | ९९२६० |
| ५ | योगिस्थान नि.मा.वि. साँधी | ७१२२५ | ६३९२३ | ७३०२ |
| ६ | सुनकोशी मा.वि. बलखु | १९२३९४ | १००००० | ६४६८८ |
| ७ | जयश्वेरी प्रा.वि. बलखु | २१८१६ | १९५२१ | २२९५ |
| ८ | प्रबुद्ध मा.वि. च्यानम | ५३२७०१ | २००००० | २९५५८६ |
| ९ | जगतजननी निमावि. मानेडाँडा | १३५०१५ | ८७०३४ | ४७९८१ |
| १० | कालिकामा.वि. कोषभञ्याङ | १२६६३१ | ९१७०१ | ३४९३० |
| ११ | चम्पादेवी नि.मा.वि. ककनी | १११९६५ | ७२१५० | ३९८१५ |
| १२ | कटुन्जे मा.वि. कटुन्जे | २४१०७८ | २००००० | ८३९७२ |
| १३ | कुशादेवी मा.वि. कटुन्जे | १८६२९६ | १००००० | ५९२१३ |
| १४ | भिमसेन प्रा.वि. घलेपाटी | ४२९९९ | २८६८८ | १४३११ |
| १५ | त्रिवेणीधाम गुरुकुलसंस्कृत विद्यालय | ५६६५८ | ३४९५१ | २१७०७ |
| १६ | भूमेथान प्रा.वि. ओखे | १३३०४२ | १९८३१ | ११३२११ |
| १७ | जलकन्या प्रा.वि. सल्लेरी | ८८५८८ | ९५३७ | ७९०५१ |
| १८ | थानी नि.मा.वि. जेरुङ | २१७२२५ | २००००० | २७५९९ |
| १९ | पञ्चकन्या मा.वि. सिस्नेरी | ३६३२७१ | १००००० | २३७८६३ |
| २० | जाल्पा प्रा.वि. देवीटार | १७६५८ | १४८८० | २७७८ |
| | **जम्मा** | **३७२३६४६** | **१६५४००२** | **१२८७८५३** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,८७,८५३ |

८२.७ **सर्त विपरित खर्च -** स्वास्थ्य ससर्त स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शनको पृष्ट ३ मा स्थानीय तहमा कार्यरत स्वास्थ्य सम्बद्ध कर्मचारीको तलब भत्ता, पोषाक लगायतको प्रशासनिक खर्च शीर्षकबाट अन्य शीर्षकमा रकम विनियोजन गर्न नमिल्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघीय संचित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको रकममध्ये आर्थिक बर्ष भित्र खर्च नभई जुनसुकै

खातामा बाँकी रहेको ससर्त अनुदानको रकम आर्थिक बर्ष भित्र फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले संघीय ससर्त शीर्षकबाट प्राप्त बजेट सम्बन्धित खर्च शीर्षक भन्दा विपरित तलब शीर्षकबाट दैनिक भ्रमण भत्ता भुक्तानी, मोटरसाईकल खरिद गर्ने लगायतको कार्य गरेको पाईयो। संघीय ससर्त शीर्षकबाट सर्त विपरित खर्च गरेको रकम अनियमित देखिएको रू.

| भौचर मिति | विवरण | भुक्तानी लिने | रकम | कैफियत |
|---|---|---|---|---|
| २२०-०८०।३।१७ | Xplulse 200 cc 4v FI को २थानमोटरसाईकल खरिद | नेपाल जेनरल मार्केटिंग प्रा लि | ९०३००० | तलब शीर्षकबाट २ थान मोटरसाईकल खरिद गरेको PAMSदाखिला नभएको |
| २२९-०८०।३।१८ | मेड्पा कार्यक्रमबाट कार्यलयका विभिन्न कर्मचारीको दैनिक भ्रमण भत्ता | नविन कार्कि | १०८४०० | मेड्पा कार्यक्रम बाट कार्यकयका ६ जना कर्मचारीलाई भ्रमण खर्च भुक्तानी |
| | **जम्मा** | | १४७९६२८ | |

| अनियमित भएको | १४,७९,६२८ |
|---|---|

८२.८ **सामुदायिक विद्यालय अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१३ को ९.१ मा शिक्षक दरवन्दि तथा राहत अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयलाई एकमुष्ठ प्रति विद्यालय रू.१० लाख निकासा दिने व्यवस्था छ। सि.न.९.११ मा विद्यालय संचालन कार्यविधि, २०७६ अनुसार शर्त पुरा गरेको विद्यालय छनौट गरी भाद्र मसान्त भित्र अनुदान उपलव्ध गराउने र अनुदान प्राप्त गर्ने विद्यालय सँग केन्द्रले तोके अनुसार स्थानीय तह र विद्यालयबिच करार सम्झौता गर्ने र सम्झौता अनुसार कार्य भएको एकिन गर्न स्थानीय तहले अनुगमन गर्ने र सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले जनचेतना आ. बि. जेरुङ्गलाई रू.१० लाख निकासा गरेको छ। २०७९ भाद्र मसान्त भित्रमा अनुदान उपलव्ध गराउनु पर्नेमा आर्थिक बर्षको अन्तमा मात्र निकासा दिएको छ। अनुदान निकासा दिदा विद्यालय र स्थानीय तह बिच करार सम्झौता नभएको र नियमित अनुगमन समेत भएको पाईएन। स्थानीय तह र विद्यालयबिच करार सम्झौता नगरी नियममा तोकिएको अवधि भन्दा १० महिना ढिला गरी निकासा गरिनु र निकासा गरेको रकमको कार्यान्वयन भए नभएको अनुगमन नगर्दा तोकिएको शर्त पुरा हुन नसक्ने देखियो। कार्यविधि तथा कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको शर्तहरु पुरा गरेर अनुदान निकासा दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

८२.९ **प्राविधिक धार अनुदान**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२१ को निर्णयानुसार रू.२१,०५,०००।- सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)*

८२.१० **परम्परागत विद्यालय शैक्षिक अनुदान**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१९ को निर्णयानुसार रू.५,००,०००।- सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)*

८२.११ **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) -** कार्यक्रम कार्यान्वयन पुस्तिकामा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रू.४००।- का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रू.१५०।- का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रू.२००।- का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रू.५००।- का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रू.२००।- का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ६ सम्म प्रति विद्यार्थी दैनिक रू.१५।- का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेरमात्र वास्तविक संख्या एकिन गरी निकासा दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८२.१२ **स्यानिटरी प्याड**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर विद्यालयलाई हस्तान्तरण गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२१ को निर्णयानुसार रू.९,९४,६२६।- सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको ।)***

८२.१३ **कार्य सम्पादन जमानत -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ (४) मा वोलपत्र स्वीकृत भई संझौता गर्नु पुर्व कवोल रकमको ५ प्रतिशत कार्यसम्पादन जमानत राख्नुपर्ने व्यवस्था छ। यदि ठेक्का लागत अनुमानको तुलनामा १५ प्रतिशत भन्दा बढी घटेर कवोल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले घटि कवोल गरेको छ सो को ५० प्रतिशतले हुन आउने रकम कवोल अंकको ५ प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले औषधी खरिदको लागि रू.१२,००,२३८।- को लागत स्वीकृत गरी ठेक्का नं १/२०७९.८०/Medicine बाट मेडिगोल्ड इन्टरनेशनल प्रा.ली सँग ठेक्का सम्झौता गर्दा सम्झौता रकम रू.४,७१,८७७।- को ५ प्रतिशत रू.२३,५९४।- र १५ प्रतिशत भन्दा बढीले घटेको रकम रू.५,८८,३२५।- को ५० प्रतिशत रकम रू.२,७४,१६३।- गरी कुल रू.२,९७,७५७।- जमानत लिई सम्झौता गर्नुपर्नेमा रू.२३,३९४।- कार्यसम्पादन जमानत लिई सम्झौत गरेको छ। लिनुपर्ने जमानत भन्दा रू.२,७४,१६३।- घटि जमानत लिई सम्झौता गरी खरिद गरेको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,७४,१६३ |

८२.१४ **पढदै कमाउदै**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२१ को निर्णयानुसार रू.५,००,०००।- सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको ।)***

८३ **कृषि कार्यक्रम अनुदान -** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ को ४.१.४ मा कार्यक्रम कार्यान्वयनकोलागि क्षेत्रफलको मापदण्ड ४.१.९.१ मा कार्यक्रमको लक्षित समुदाय वर्ग नियम

अनुसार दर्ता भएको हुनुपर्ने, ४.१.१२ मा पकेट संचालन समन्वय समिति गठन हुनुपर्ने र ४.१.१३ मा सार्वजनिक सुनुवाई र प्रगति प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। यस वर्ष संचालनमा रहेका विभिन्न क्षेत्रका अनुदान कार्यक्रम मध्ये नमुना परीक्षणमा नयाँ र निरन्तरका कार्यक्रम परीक्षण गर्दा क्षेत्रफल एकिन नगरेको, समन्वयन समिति गठन नगरेको, सार्वजनिक सुनुवाई नगरेको,गत वर्ष समेतको प्रगति प्रतिवेदन तयार नगरेको, कृषि विमा नगरिएको देखिदा कार्यक्रम तोकिएको मापदण्ड अनुसार संचालन भएको छ भन्न सक्ने आधार भएन । पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुदान तथा सोबाट प्राप्त उपलव्धी मापन गरी अनुदान अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश र स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने तथा अनुदानग्राहिको जीवनस्तरमा सुधार आउने किसिमका कार्यक्रममा लगानी गरी रकमको पुर्ण सदुपयोग भएको सुनिश्चितता गर्नुपर्दछ ।

| क्र.सं. | समुह | रकम | कैफियत |
|---|---|---|---|
| १ | सुन्दरवस्ती कृषक समुह | २५९७९२ | नयाँ आलु पकेट कार्यक्रम |
| २ | लालिगुँरास महिला कृषक समुह | २५१२५५ | नयाँ आलु पकेट कार्यक्रम |
| ३ | एकता कृषक समुह | २१९००० | नयाँ आलु पकेट कार्यक्रम |
| ४ | कर्मशिल कृषक समुह | २५०००० | सुन्तलाजोन पुरानो निरन्तरता |
| ५ | चंचलादेवी कृषि सहकारी संस्था | २५०००० | सुन्तलाजोन पुरानो निरन्तरता |
| | **जम्मा** | **१२३००४७** | |

सैद्धान्तिक बेरुजु

८४ **सामाजिक सुरक्षा**

८४.१ **पेस्की असुल (२०८।२०८०।३।२१) -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ मा सरकारी रकम पेस्की लिने कर्मचारीले नियमावलीमा तोकेको म्याद भित्र पेस्की फस्यौंट नगरेमा तेस्तो पेस्की रकममा १० प्रतिशत व्याज थप गरी असुल गर्नुपर्ने व्यवस्था छ। पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्न रन्जु थापा क्षेत्रीलाई रू.४,०१,८००।- पेस्की रकम भुक्तानी दिएकोमा लेखापरीक्षणको अवधि सम्म रू.१,००,०००।- को पेस्की फस्यौंट गरेको छैन। फस्यौंट गर्न बाँकी रकम नियम अनुसार फस्यौंट गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | १,००,००० |
|---|---|

८४.२ **अनुगमन तथा सुपरिवेक्षण -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्यक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी निर्देशिका बमोजिम अनुगमन मुल्याङन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नु पर्नेमा समितिनै गठन नगरेकोले निदेर्शिका अनुसारको समिति गठन गरी क्रियासिल हुनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८४.३ **बैंकिङ्ग प्रणाली प्रयोग -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को अनुच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीबाट वितरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष रू.९,८४,२९,५२६।- सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा वडा नं १,४,८,९,१० को पहिलो त्रैमासिकमा रू.१,१७,५२,१२९।- बैकिङ्ग प्रणाली प्रयोग नगरी सोझै व्यक्तिलाई हस्तलिखित भरपाईको आधारमा वितरण गरेको श्रेस्ता पेश गरेको छ। निर्देशिकाको व्यवस्था पुर्णरुपले कार्यान्वयन गर्ने र सोझै ल्याप्चे भरपाईको आधारमा भत्ता वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : सुनकोशी गाउँपालिका, ओखलढुंगा , सुनकोशी गाउँपालिका , ओखलढुङ्गा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ram Kumar Karki | २०७९-२-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | subash dhamala | २०७८-३-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेस्की |
|---|---|---|---|---|---|
| २,९२४,६७७ | ८,९१४,६८९ | १७,३६०,६३२ | ० | ० | ७,६६३,९५७ |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रू. | | | | | ३६,८६३,९५५ |
| प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट गरी संपरीक्षण भएको रकम रू. | | | | | १४,७५७,८७८ |
| संपरीक्षणबाट थप भएको बेरुजु रू. | | | | | १,००१,७१३ |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रू. | | | | | २३,१०७,७९० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५२६६७०५९ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३१६७०८२६३ | चालु खर्च | २९८८३१२८४ |
| प्रदेश सरकारबाट अनुदान | २००९३६१६ | पुँजीगत खर्च | १२४३३२३१९ |
| राजश्व बाँडफाँट | ७०००८४९९ | वित्तीय/अन्य व्यवस्था | ८१६६३४७.० |
| आन्तरिक आय | ४२६९३९५.० | | |
| अन्य आय | ९९३११७५.० | | |
| कुल आय | ४२१०१०९४८ | कुल खर्च | ४३१३२९९५० |
| बाँकी मौज्दात | | ४२३४८०५७ | |

**संपरीक्षणबाट थप भएको बेरुजु**

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ (१) मा राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए भोलीपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्व लेखा राखि बैक दाखिला गर्नुपर्दछ । सो ऐनको दफा २८(२) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउनुपर्ने रू
<table>
<tr><th>नाम</th><th>विवरण</th><th>घण्टा /दर</th><th>रु</th></tr>
<tr><td>विष्णु बस्नेत</td><td>विल नं ५०५९</td><td>९*१३५०</td><td>१२१५०</td></tr>
</table></td><td>१२१५०.००</td></tr>
<tr><td>२</td><td>गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को अनुसूची १ (क) मा गाउँपालिका अध्यक्षले रू.१०,०००।-, उपाध्यक्षले रू.१०,०००।-, वडाध्यक्षले रू.४,०००।- र कार्यपालिका सदस्यले रू.२,०००।- मासिक अनुगमन भत्ताको पाउने व्यवस्था छ । अनुगमन भत्ता भुक्तानी लिंदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा अनुगमन भत्ता बितरणको परीक्षण गर्दा अनुगमन भत्ता लिने देहायका पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ।
<table>
<tr><th>क्र.सं.</th><th>पद</th><th>पदाधिकारीको नाम</th><th>मासिक अनुगमन भत्ता दर</th><th>वार्षिक अनुगमन भत्ता</th></tr>
<tr><td>१</td><td>उपाध्यक्ष</td><td>सुनिता अधिकारी</td><td>१००००</td><td>११८८००</td></tr>
<tr><td>२</td><td>वडाध्यक्ष १</td><td>प्रकाश सापकोटा</td><td>४०००</td><td>४७५२०</td></tr>
<tr><td>३</td><td>वडाध्यक्ष २</td><td>खिलबहादुर तामाङ</td><td>४०००</td><td>४७५२०</td></tr>
<tr><td>४</td><td>वडाध्यक्ष ३</td><td>गिर्वराज थापा मगर</td><td>४०००</td><td>४७५२०</td></tr>
<tr><td>५</td><td>वडाध्यक्ष ४</td><td>टायन्द्र राई</td><td>४०००</td><td>४७५२०</td></tr>
<tr><td>६</td><td>वडाध्यक्ष ५</td><td>गोविन्दराम तामाङ</td><td>४०००</td><td>४७५२०</td></tr>
<tr><td>७</td><td>वडाध्यक्ष ६</td><td>विष्णु आलेमगर</td><td>४०००</td><td>४७५२०</td></tr>
<tr><td>८</td><td>वडाध्यक्ष ७</td><td>चेत बहादुर कटवाल</td><td>४०००</td><td>४७५२०</td></tr>
<tr><td>९</td><td>वडाध्यक्ष ८</td><td>गुणराज भट्टराई</td><td>४०००</td><td>४७५२०</td></tr>
<tr><td>१०</td><td>वडाध्यक्ष ९</td><td>हितराज कार्की</td><td>४०००</td><td>४७५२०</td></tr>
</table></td><td>०.००</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>११</td><td>वडाध्यक्ष १०</td><td>छविरमण धमला</td><td>४०००</td><td>४७५२०</td></tr>
<tr><td>१२</td><td>का.पा.स</td><td>जमुना घिमिरे</td><td>२०००</td><td>२३७६०</td></tr>
<tr><td>१३</td><td>का.पा.स</td><td>लक्ष्मी बाँनिया खत्री</td><td>२०००</td><td>२३७६०</td></tr>
<tr><td>१४</td><td>का.पा.स</td><td>सिर्जना पौडेल दाहाल</td><td>२०००</td><td>२३७६०</td></tr>
<tr><td>१५</td><td>का.पा.स</td><td>सुशिला श्रेष्ठ</td><td>२०००</td><td>२३७६०</td></tr>
<tr><td>१६</td><td>का.पा.स</td><td>होम बहादुर विक</td><td>२०००</td><td>२३७६०</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>७,१२,८००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td>गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को अनुसूची- १(क) सुविधा दिने व्यवस्था गरेको छ। भौ.नं. ५५३ २०८०।३।२३ बाट गाउँसभा सदस्यको लागि पोषाक उपलब्ध गराउने भनी कार्यपालिकाको मिति २०७९।११।१० मा निर्णय गरी श्री फिट प्वाइन्ट कलेक्सनबाट प्रतिसुट तयारी रू.१३,६६०।- का दरले ३० जनालाई र प्रतिकोट तयारी रू.८,९६०।- का दरले ५२ जनाको जम्मा रू. ९,८९,५६३।- खर्च लेखेको छ । यसरी आन्तरिक आयलाई मध्यनजर नगरी तथा प्रचलित कानुनमा नभएको पदाधिकारीको पोषाकमा गरेको खर्च रू. ९,८९,५६३।- अनियमित देखिएको रू.</td><td>९८९५६३.००</td></tr>
</table>